## विशेष इजलास

१

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** रिट नं. २०६३-WS-००४३, उत्प्रेषणयुक्त परमादेश, *राधा बुढाथोकी (सोडारी) वि.महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

मुलुकी ऐन, जबर्जस्ती करणीको ३ नं.को देहाय ६ नं.मा भएको कानूनी व्यवस्थाकै विषयलाई लिएर पर्न आएको रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट सो कानूनी व्यवस्थाको सवैधानिकता परीक्षण भै निर्देशनात्मक आदेश समेत जारी भैसकेको परिप्रेक्ष्यमा पुनः सोही विषयमा पर्न आएको प्रस्तुत निवेदनको रोहबाट निर्णय निरोपण गरिरहनु पर्ने आवश्यकता र औचित्यता समेत देखिन आएन । वस्तुतः कुनै विवादको विषयमा अदालतले एकपटक निरोपण गरेपछि त्यो विषय विवादित भै रहँदैन । अदालतको निर्णय अन्तिम रहने यसै मान्यतालाई निर्णय अन्तिमताको सिद्धान्त (Finality of the Decision) को रूपमा ग्रहण गरिन्छ । त्यसैले कानूनबमोजिम पुनरावलोकन हुने अवस्था बाहेक अदालतले एक पटक निरोपण गरिसकेको विषयमा पुनः निवेदन ग्रहण गरिरहन आवश्यक नहुने ।

इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं २०६५-WS–०००२, उत्प्रेषण परमादेश, *हीराकुमार सिँह वि. नेपाल सरकार*

निवेदकले निगमको कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावलीको व्यवस्थाले समावेशिताको सिद्धान्तलाई अवलम्बन नगरेकोले बदर गरी समावेशी सिद्धान्त समावेश हुनुपर्ने भन्ने माग गरेको सन्दर्भमा हाल उक्त विनियमावलीमा संशोधन भै निवेदकले माग गरेअनुरूपको व्यवस्था समावेश गरिसकेको देखिँदा निवेदन दावीको प्रयोजन नै समाप्त भएको देखियो । विनियमावलीमा भएको उक्त संशोधनबाट निवेदन माग दावी नै पूरा भैसकेको यस स्थितिमा निवेदन माग दावीबमोजिमको आदेश जारी गरिरहनु पर्नेसम्मको कुनै औचित्य र प्रयोजन बाँकी रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६६ साल चैत ५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं २०६३-WS–००३२, उत्प्रेषण परमादेश, *अच्यूतप्रसाद खरेल, वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*

अ.वं. ३० नं. मा उल्लेख भएका विभिन्न नाताहरू मध्येमा साला र जेठानको मुद्दा हेर्न मिल्ने भन्ने कल्पना गर्नु गलत हो । यदि कुनै न्यायाधीशले अ.वं. ३० नं को व्यवस्था, मर्म र भावना तथा न्यायाधीशको आचरण लगायत Principles of Biasness को सिद्धान्त बुझ्दैन भने त्यस्तो व्यक्ति न्यायाधीश पदमा नियुक्ति नै हुन सक्दैन । तसर्थ अ.वं ३० नं. मा निवेदकले माग गरेको जस्तो मुद्दा हेर्न नहुने नाता क्रममा व्यक्तिहरूको उल्लेखनमा साली र जेठी सासूको व्यवस्था समावेश गरिरहन आवश्यक नपर्ने हुंदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६६ साल चैत ५ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको NF-००५९, गुठी कायम, *सेमन्तराज चापागाई वि. ईश्वरीदेवी लामिछाने समेत*

पहिला चलेको निर्णय दर्ता बदर मुद्दामा जुन हकको स्रोत देखाई कि.नं. १०१ को क्षेत्रफल १-९-० मा दावी गरिएको थियो, सोही हकको स्रोत देखाई प्रस्तुत मुद्दामा क्षेत्रफल ४३-५-३ मा दावी गरिएको भन्ने तथ्यमा विवाद देखिएको छैन । दावी गर्ने पक्ष र विपक्षी समेत एकै देखिएको स्थिति छ । यस्तो अवस्थामा पहिले दायर गरेको मुद्दामा यिनै प्रत्यर्थीहरूले प्रस्तुत गरेको हकको स्रोतलाई वैधानिक हकको प्रमाणको रूपमा अदालतले स्वीकार नगरी अन्तिम भई बसेको विषयमा अहिले आएर सोही साविक स्रोतलाई प्रत्यर्थीहरूको हकको स्रोतको रूपमा स्वीकार गर्न र मान्यता प्रदान गर्न मिल्ने देखिएन । यही विषयमा पहिले दायर भएको निर्णय बदर मुद्दामा प्रमाणको आधारमा पुनः उही जग्गामा दावी लिएको देखिएबाट त्यस्तो दावीकै भरमा यी प्रत्यर्थीहरूको मोहियानी हक कायम हुने अवस्था रहँदैन । दावी गर्नु मात्र पर्याप्त हुँदैन । आफ्नो दावी सबूद प्रमाणको आधारमा प्रमाणित गर्ने दायित्व पनि दावीकर्ताले नै वहन गर्नुपर्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः सुन्दर कार्की

इति संवत् २०६७ बैशाख २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६४-NF-०००३, बाली भराई मोही निष्काशन, *धनमाया महर्जन वि. मिठू ढकाल*

अदालतले आफूसमक्ष आएको कानूनी प्रश्नको निरोपण गर्दा प्रतिपादन गरेको कानूनी सिद्धान्त सो न्याय निरोपण भएपछिका त्यस्तै तथ्य, परिस्थिति र प्रश्न निहीत रहेका मुद्दाहरूको न्याय निरोपणका लागि कानूनसरह लागू हुन्छन् । त्यसकारण पश्चात्‌दर्शी (Restrospective) प्रभाव पर्ने ढंगले नजीरको प्रयोग गर्न मिल्दैन । यसरी संयुक्त इजलासबाट अन्तिम किनारा भैसकेपछि निर्णय नं ७५४९ मा प्रतिपादित कानूनी सिद्धान्तको आधारमा प्रस्तुत मुद्दा पुनरावलोकन गर्ने गरी २०६४।४।६ मा पूर्ण इजलासबाट प्रदान गरिएको निस्साको आधारमा सहमत हुने अवस्था नदेखिने ।

न्याय प्रशासन ऐन, २०४८ को दफा १३ को कानूनी व्यवस्था हेर्दा जुन आधारमा पुनरावलोकन गर्ने निस्सा प्रदान गरिएको छ सोही आधार र सम्बद्ध विषयमा सीमित रहनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा *नेकाप.* २०६२, नि.नं. ७५४९ मा उल्लिखित नजीरको प्रतिकूल संयुक्त इजलासको फैसला भयो भन्ने आधारमा पुनरावलोकनको निस्सा प्रदान गरिएको छ । तर, मुद्दा पुनरावलोकन गरी हेरिने निस्साको उक्त आधार नै उपयुक्त नभई सो आधारसँग सहमत नहुने भएपछि सोसँग सम्बद्ध अन्य विषयमा वा मुद्दाको अन्य तथ्यभित्र प्रवेश गरी इन्साफतर्फ विचार गरिरहन नपर्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०५९ सालको रिट नं. २९८२, उत्प्रेषण समेत, *कवीन ढुंगेल वि. दामोदर रोपवेज एण्ड कन्स्ट्रक्शन कम्पनी समेत*

रोपवे निर्माणसम्बन्धी कार्यलाई Turnkey Project का रूपमा परिभाषित गरिरहेको र त्यसलाई करारका पक्षहरूद्वारा संशोधन नगरिएको अवस्थामा करारका कुनै एक पक्षको कुनै व्यवहार वा कुनै घटनालाई लिएर त्यसमा संशोधन भएको भनी बलात् अर्थ गर्नु करारसम्बन्धी अवधारणाको प्रतिकूल हुनजाने ।

करार भनेको सम्बन्धित पक्षले आफूहरू बीच लागू हुने गरी निर्माण गरेको कानून नै हो, त्यसैले करारका शर्तहरू सम्बन्धित पक्षका लागि बन्धनकारी हुन्छन् र तिनीहरूको पालना गर्नु करारका पक्षहरूको कानूनी दायित्व बन्दछ । यथार्थमा भन्नु पर्दा करार कानून दायित्वसम्बन्धी

कानून हो । त्यस्तो दायित्व करारका पक्षहरूमा मात्र सीमित हुने ।

निर्माणको काम सम्पन्न भई चालू अवस्थामा सारभूत रूपमा करार सम्पन्न भएको मानिने हो । यसमा जुन काम वा उद्देश्यका लागि करार भएको हो, ठेक्कादाता पक्षले सो काम वा उद्देश्य प्राप्त गरेको हुनु पर्दछ । यस्तो उद्देश्य प्राप्त नभएको अवस्थामा सारभूत रूपमा काम सम्पन्न भएको मान्न नसकिने ।

दुबै पक्षले लिखित रूपमा व्यक्त गरी स्पष्ट रूपमा स्थापित भएको तथ्यलाई मध्यस्थले अन्यथा व्याख्या गर्दै जाने हो भने मध्यस्थताको प्रक्रियाप्रति र समग्रमा मध्यस्थताद्वारा विवाद समाधान गर्ने पद्धतिप्रति नै अनास्था र अविश्वासको वातावरण निर्माण हुन जाने । विवादका पक्षहरू बीच मुख मिलेको निर्विवाद विषयलाई निर्णयकर्ताले विवादको रूप दिन नहुने ।

तेस्रो पक्षबाट काम लगाउने वा नलगाउने भन्ने कुरा ठेकेदारको स्वविवेकमा भर पर्ने कुरा हो । यो निजको अधिकारको कुरा हो । यो अधिकार प्रयोग नगरेको कारणले ठेकेदार कम्पनीले करार अनुसार पूरा गर्नुपर्ने दायित्व पूरा गर्नबाट उन्मुक्ति पाउन नसक्ने ।

करारमा नै हदम्यादको व्यवस्था गरिएको अवस्थामा सो कुरा पक्षहरूको लागि वाध्यात्मक रूपमा लागू हुने हुँदा यस्तो हदम्याद समाप्त भएपछि मध्यस्थ नियुक्तिको प्रक्रिया प्रारम्भ हुन नसक्ने ।

Turnkey सम्झौतामा सम्झौताअनुसारको कार्य पूर्ण रूपमा सम्पन्न गर्ने दायित्व ठेकेदार कम्पनीमा निहीत रहनेमा कार्य सम्पन्न भएको तथ्य स्थापित हुन आउँछ, आउँदैन भन्ने सम्बन्धमा प्रमाण तथा वस्तुस्थितिको अध्ययन, अवलोकन, मूल्याङ्कन तथा विश्लेषण समेत गरी निर्णयमा पुग्नु पर्नेमा सो नगरी बहुमत मध्यस्थद्वारा कार्य सम्पन्न भएको निष्कर्षमा पुगी दावी अस्वीकार गर्दै प्रतिवादीका आधारमा दावीकर्ताले दामोदर रोपवेज एण्ड कन्स्ट्रक्शन कम्पनीलाई भुक्तानी दिनुपर्ने भनी गरिएको मध्यस्थ निर्णय सम्झौताको शर्तविपरीत देखिन आयो । मध्यस्थको उक्त निर्णय केही हदसम्म बदर गरेको पुनरावेदन अदालतको निर्णयमा समेत सम्झौताको शर्त तथा आधारभूत सैद्धान्तिक प्रश्नमा विवेचना भएको पाइएन । तत्कालीन मध्यस्थता ऐन, २०३८ को दफा २१ को उपदफा (२) को खण्ड (च) मा निर्णय सम्झौतामा उल्लिखित कुनै शर्तको विपरीत भएमा त्यसलाई मध्यस्थको निर्णय बदर गर्न सकिने आधार मानिएको परिप्रेक्ष्यमा मध्यस्थद्वारा मिति २०५४।५।१८ मा भएको उक्त निर्णय र सोउपर पुनरावेदन अदालत पाटनबाट मिति २०५९।१।९ मा भएको निर्णय समेत उक्त कानूनी व्यवस्थाअनुरूप नदेखिएकोले उत्प्रेषणको आदेशले बदर हुन्छ । प्रस्तुत विवादको विषयमा गठित मध्यस्थ ट्रिबुनलप्रति विवादको एक पक्ष अर्थात् यी निवेदक नेपाल ओरिण्ड म्याग्नेसाइटका तर्फबाट अविश्वास व्यक्त भएको अवस्था हुँदा नयाँ मध्यस्थद्वारा विवाद समाधान गरिनु वाञ्छनीय हुन आउने हुँदा तत्कालीन मध्यस्थ ट्रिबुनलसमक्ष प्रस्तुत भएका दावीहरूको सम्बन्धमा निर्णय गर्न गराउन दावीकर्ताले चाहेमा, अरू मध्यस्थद्वारा निर्णय गर्नका लागि विवादका पक्षहरू बीच भएको करार सम्झौताका शर्तहरूमा आधारित प्रक्रियाअनुसार मध्यस्थ नियुक्तिको कारवाही प्रारम्भ गर्नु भनी पुनरावेदन अदालत पाटनका नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैबमोजिम निर्णय भएका छन्:

- २०५९ सालको रिट नं. २८००, उत्प्रेषण समेत, *मोहनगोपाल खेतान वि. दामोदर रोपवेज तथा कन्स्ट्रक्शन कम्पनी समेत*
- २०५९ सालको रिट नं. २८९८, उत्प्रेषण समेत, *भानुप्रसाद आचार्य वि. पुनरावेदन अदालत पाटन समेत*
- २०५९ सालको दे.पु.नं. ८८९४, मध्यस्थता सम्बन्धी, *अरविन्द मजुमदार वि. दिनेशराज*

*भट्टराई* २०६० सालको रिट नं. २८०९, उत्प्रेषण समेत, *अरबिन्द मजुमदार वि. नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. समेत*

- २०६० सालको दे.नि.नं. ३२०१, मध्यस्थता सम्बन्धी, *अरविन्द मजुमदार वि. दिनेशराज भट्टराई*

२

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६६ CR ०२२०, कर्तव्य ज्यान, *माइली तामाङ्ग वि. नेपाल सरकार*

जाहेरवाली तथा घटनाको प्रत्यक्षदर्शी कान्छी तामाङ्गले अदालतमा गरेको वयानमा समेत पुनरावेदिकाले जिउँदो बच्चा जन्माई घाँटी थिची मारेकी हुन् भनी लेखाएबाट निजको मौकाको बयान र जाहेरी दर्खास्तको व्यहोरा समर्थित भै रहेको पाइयो । मौकामा बुझिएका रामबहादुर तामाङ्ग समेतले अनुसन्धानको क्रममा लेखाएको व्यहोरा समर्थन गर्दै अदालतसमक्ष वकपत्र गरेको समेतका मिसिल संलग्न स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले जन्माएको जिउँदो बच्चालाई घाँटी थिची कर्तव्य गरी मारेको भन्ने अभियोग दावी शंकारहित तवरबाट पुष्टि भै रहेको देखिँदा सडेगलेको कारण जातक बच्चाको पोष्टमार्टम हुन सकेको एकमात्र आधारमा सफाइ पाउन नसक्ने ।

इजलास अधिकृतः मुकुन्द बिष्ट

कम्प्युटरः नारायणप्रसाद सुवेदी

इति संवत् २०६७ साल जेठ १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की**, २०६२ सालको रिट नं २४४५, परमादेश समेत, *रामप्रसाद दाहाल वि. नेपाल सरकार समेत*

निवेदकले आफू कार्यरत् रहेको राजधानी दैनिकको व्यवस्थापनले अवकाश दिएउपर श्रम अदालतसमक्ष पुनरावेदन गरी उक्त विषय विचाराधीन रहेको अवस्थामा विपक्षीले उक्त अदालतसमक्ष श्रमजीवी पत्रकार उजूरी समितिले व्यवस्थापनले निवेदकलाई अवकाश दिने गरी गरेको निर्णयलाई सदर गरी निर्णय गरी सकेको भन्ने दावी लिएकोले अदालतमा विचाराधीन विषयमा न्यायिक प्रक्रियाको सरलताको लागि निवेदकले उक्त निर्णयको जानकारी माग गरेकोमा विपक्षीले उक्त निर्णयको जानकारी नदिई न्यायिक प्रक्रिया अवरूद्ध गर्न खोजेको भन्ने निवेदन दावी देखिएकोले निवेदक विरूद्धको उल्लिखित विषयको निर्णयको प्रत्यक्ष सरोकार भएको व्यक्ति निवेदक भएको देखिन्छ । आफूविरूद्ध भएको जुनसुकै निर्णयबाट प्रत्यक्ष प्रभाव पर्ने यी निवेदकले सो विषयको जानकारी प्राप्त गर्नसक्ने नै देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी संवैधानिक प्रत्याभूति गरेकोले आफूविरूद्धको निर्णयको जानकारी विपक्षीले निवेदकलाई दिनुपर्ने संवैधानिक दायित्व रहेको देखिने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको दे.पु.नं. ८७०३, फैसला दर्ता बदर हक कायम, *खतिबुन निसा मुसलमान समेत वि. भुलै मुसलमान समेत*

पुनरावेदकहरू २०४१।७।२८ मा जग्गा जफत हुँदाका बखत जन्मिएका अंशी हकवाला व्यक्ति देखिएका र हाल निजहरूले नागरिकता समेत लिएको हुँदा निजहरूको अंश हक मेटिने अवस्था नहुँदा पुनरावेदक वादीहरूको अंश हक निहीत रहेको जम्मा ज.वि. ०-१७-१४ नेपाल सरकारको नाउँमा कायम हुने ठहऱ्याएको तथा नवलपरासी जिल्ला अदालतको मिति २०४१।७।२८ को फैसला समेत बदर गरी उक्त ज.वि. ०-१७-१४ मध्ये दक्षिणतर्फबाट ५ भागको ३ भाग जग्गा वादीहरूको नाउँमा हक कायम हुने ठहऱ्याएको मिति २०५६।१०।१० को फैसलालाई उल्टी समेत गरी नेपाल सरकारको नाउँमा हक कायम हुने

ठहऱ्याएको पुनरावेदन अदालतको मिति २०५९।३।३२ को फैसला उल्टी भई शुरू जिल्ला अदालतको मिति २०५६।१०।१० गतेको फैसला कायम हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको दे.पु.नं. ९१०४, घर उठाई जग्गा खिचोला चलन, *रत्नबहादुर लिम्बू वि. लक्ष्मीदेवी सुब्बा समेत*

नक्सा मुचुल्काअनुसार प्रतिवादी लक्ष्मी देवीको निर्विवाद हक भोगको कि.नं. १७१ (न. नं. ४) मा रहेको घर झगडा जनिएको देखिन्छ र सो घर न.नं. ५ सम्म नै एउटै छानो, गारो र एकै मिलानमा बनेको देखिन्छ । त्यस्तै झगडा जनिएको न.नं. ६ मा भऱ्याङ्ग जनिएकोमा सो भऱ्याङ्ग पनि प्रतिवादीको न.नं. ४ र ५ मा रहेको २ तल्ले घरमा जाने भऱ्याङ्ग देखिँदा ती घर र भऱ्याङ्ग प्रतिवादीको साविकदेखिकै भोग चलनमा रहिआएको घर जग्गा भऱ्याङ्ग देखिन आयो । त्यस्तै झगडा जनिएको न.नं. ८ मा पनि प्रतिवादीकै टायल टिन लगाएको छाना भएको साविक बसोबासको निर्विवाद घरसँग जोडिएको एउटै छानो गाह्रो भएको देखिँदा न.नं ११ समेत झगडा जनिएकोमा उक्त नक्सा कुण्डलीअनुसार प्रतिवादी चन्द्रप्रसादकी श्रीमती सुन्दरकुमारीको कि.नं. २९ (न.नं. १०) को जग्गामा बनेको शौचालय टिनको काठघर साविक देखिकै भोगचलनमा देखिएको समेतबाट न.नं. को पुनरावेदक वादीको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ९८९४(क), अंश दपोट, *राजकुमार पाठक वि. विश्वराज पाठक समेत*

विवादित कि.नं. ८४६ र ९११ का जग्गाहरू तायदाती फाँटवारीमा प्रतिवादीले उल्लेख गर्दा वडा नं. क्षेत्रफल, कि.नं. जस्ता कुराहरू गलत रूपले लेखिएको देखिन्छ । तर, दवाउने छिपाउने मनसाय भए अंश मार्ने नियत प्रतिवादीमा भए तायदाती फाँटवारीमा उक्त कि.नं. उल्लेख गर्नुपर्ने र प्रतिउत्तर जिकीरमा गल्ती भएको हो भनी स्वीकार गर्नुपर्ने अवस्था देखिँदैन । यसरी तायदाती फाँटवारीमा उल्लेख नभएको जग्गा लिखत बदर मुद्दाबाट वादीहरूका नाउँमा कायम हुने देखिएको, तायदातीमा उल्लेख गर्दा कि.नं. र क्षेत्रफल फरक परेका जग्गाहरूको वडा नं. र क्षेत्रफलसम्म फरक परेको मात्र कारणबाट यी पुनरावेदक वादीले अंश नपाउने भन्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको दे.पु.नं. ९२०६, निर्णय बदर दर्ता, *श्यामकृष्ण थापा वि. कृष्णबहादुर थापा*

सर्भे नापी हुँदाका अवस्थामा विवादित जग्गालाई देवाली पाखोको नामबाट नै नापी गराएको फिल्डबुकबाट देखिन आउँछ भने मिति २०४३।५।२१ मा भएको नक्सा प्रकृति कैफियतबाट उक्त जग्गा देवाली गर्ने पाखो भन्ने तथा सोभन्दा पश्चिमतर्फ ओलीगाउँ जाने बाटो तथा सो बाटो भन्दा पूर्व नै कि.नं. १४ को जग्गा देखिँदा उक्त विवादित जग्गा प्रतिवादीको निजी नभई देवाली गर्ने पाखो सार्वजनिक प्रकृतिकै देखिने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६६ साल मंसिर १५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको फौ.पु.नं. ०४२२, जालसाजी, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली समेत*

दे.नं. १५३० को अंश मुद्दामा गर्भु वारेस भनी मुनेश्वरको तर्फबाट फिराएको प्रतिउत्तरको के कुन व्यहोराले वादीलाई नोक्सानी र प्रतिवादीलाई फाइदा पुग्न गएको हो सो तथ्य यकीन साथ खुलाउन नसकेको हुँदा वादीले एक कामको लागि दिई राखेको लिफा सो काममा प्रयोग नगरी अर्कै काममा प्रयोग भएको भनी कीर्ते कागजको ३ नं. अनुसार जालसाजीतर्फ लिएको दावी कानूनसंगत नदेखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज बिष्ट
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको फौ.पु.नं ४२३, जालसाजी, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली समेत*

वादी मुनेश्वरको सहिछाप अदालतबाट लिएको निजको नमूना सहिछापसँग भिडाई जाँच गर्दा एकाआपसमा सामञ्जस्यता देखिएको भनी विशेषज्ञले लिखत जाँच गरी प्रतिवेदन दिएको र १ नं.मा मोही लगत जाँच गरी राय दिने रेखा विशेषज्ञको यस अदालतको आदेशानुसार झिकाई बकपत्र समेत भएको पाइयो । १ नं. मोहीको लगत सरकारी अड्डामा रहेको र उक्त कागजमा प्रतिवादी रामेश्वर साहले नै उक्त व्यहोरा थपी जालसाज गरेको भनी वादीले दावी प्रमाणित गर्न सकेको नदेखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज बिष्ट
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको फौ.पु.नं. ०४२४, लुटपीट, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली समेत*

जिल्ला अदालतले मुद्दा कारवाहीका सिलसिलामा ट्रेक्टर कसको नियन्त्रणमा छ ? के कुन अवस्थामा छ ? वादी प्रतिवादीको कागज गराउनु भनी मिति २०५४।८।८ मा भएको आदेशानुसार प्रतिवादी रामेश्वर साहको कागज गराउँदा उक्त ट्रेक्टर वादी मुनेश्वरको नियन्त्रणमा छ भनी मिति २०५४।८।८ मा कागज गरिदिएको उक्त तथ्यलाई वादीले अन्यथा भन्न सकेको समेत नदेखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज बिष्ट
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. CI ०७२५, लिलाम बदर, *रामेश्वर साह तेली वि. मुनेश्वर साह तेली समेत*

वादी रामेश्वरले आफ्नो नामको र आफ्नो समेत संयुक्त नाम दर्ताको जग्गा समेत धितो राखी अंशियार प्रतिवादी मुनेश्वर साहले कृषि विकास बैंकबाट टेक्ट्र खरीद गर्न ऋण लिएको र यसरी लिएको ऋण यी दुबै वादी प्रतिवादीबाट असूल हुन नसकेपछि कृषि विकास बैंक ऐन, २०२४ तथा कृषि विकास बैंक ऋण असूली नियमावली, २०३२ समेतको अधीनमा रही गरिएको लिलाम कार्य बदर गर्न मिल्ने स्थिति नदेखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज बिष्ट
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको फौं.पु.नं. CI ०७२३, दर्ता नामसारी, *रामेश्वर साह तेली समेत वि. मुनेश्वर साह तेली समेतको* मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. CI ०७२४, मिलापत्र बदर, *रामेश्वर साह तेली वि. मुनेश्वर साह तेली समेत*

मिति २०४४।५।२।३ को तमसुक लिखतका कारणी मुनेश्वरले आफैंले दायर गरेको लेनदेन मुद्दामा वादी दावी छोडी छोडाई मिलापत्र गर्नमा वादीलाई कुनै कानूनले बन्देज लगाएको देखिँदैन । अर्कोतर्फ वादी प्रतिवादीबीच घरसारमा लेनदेन मुद्दाको नगद रकम बुझेको भन्ने कुरा मिलापत्रमा उल्लेख नभएको अन्य प्रमाणबाट पनि प्रमाणित हुन नसकेको अवस्थामा लेनदेन मुद्दामा भएको मिलापत्र बदर गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज बिष्ट

इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५८ सालको फौ.पु.नं. २८४३, कुटपीट, *रामेश्वर साह तेली समेत वि. अशोककुमार साह तेली*

मिसिल संलग्न घा जाँच केश फाराम हेर्दा घाइते अशोककुमार साह तेलीको शरीरको विभिन्न भागमा नीलडाम परेको भन्ने देखिएको छ । उक्त चोट प्रतिवादीले कुटपीट गरेको कारण भएको भन्ने वादीको दावी रहेको एवं निजले घा जाँच गरिपाऊँ भनी दिएको निवेदन समेतबाट देखिएको छ । वादीका साक्षी दिनेश राय र अनधन महतोको वकपत्र हेर्दा वादीलाई प्रतिवादीहरूले कुटपीट गरेको आफैंले प्रत्यक्ष देखेको भनी व्यहोरा लेखाई दिएको पाइन्छ । यिनीहरू बीच ट्रेक्टर लुटपीटको मुद्दा अदालतमा परेको पनि देखिन्छ । कुटपीट वारदातको दिन र समयमा आफू झाडा पखाला लागी हरकठवा हेल्थपोष्टमा उपचारमा रहेको भन्ने प्रतिवादी रामेश्वर साहको जिकीर भरपर्दो र स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको पनि देखिँदैन । वादीको बाबु मुनेश्वर साहले आफैंले आफ्नो छोरालाई कुटपीट गरेको भन्ने प्रतिवादीको जिकीर रहे पनि सो कथन पत्यारलायक मान्न नसकिने हुँदा कुटपीट गरेको देखिने ।

इजलास अधिकृतः कमलराज बिष्ट

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५८ सालको दे.पु.नं. ७९३२, अंश दर्ता, *रामेश्वर साह तेली वि. मुनेश्वर साह तेली समेत,* २०५९ सालको दे.पु.नं ८४५५, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली*

आफ्नो नाउँमा जग्गा दर्ता हुनेले आफ्नो नामको जग्गा बिक्री गर्दा आफ्नो हकको भनी उल्लेख गरिनु लिखित पारित गरिनु अगाडि लिखतमा जनाइने सामान्य र स्वाभाविक प्रक्रिया नै हुने ।

अंशबण्डाको ३० नं. बमोजिम अघि नै व्यवहार प्रमाणबाट छुट्टिभिन्न भएको नदेखिई सगोलमा रहेको देखिएको र अघि नै छुट्टि भिन्न भएको भन्ने प्रतिवादीको जिकीर मिसिल संलग्न कागज र प्रमाणबाट पुष्टि हुन नसकेको तथा वादीहरूले अंश पाएको कानूनबमोजिमको लिखत प्रमाण प्रतिवादीबाट पेश भएको समेत नदेखिँदा वादी प्रतिवादी एकासगोलको अंशियार कायम रहे भएको देखिने ।

कि.नं. ६७१, ५५२, ७१०, १७६, २३५, ६९८, ६८ का जग्गाहरू प्रतिवादी मुनेश्वर साह तेलीले विभिन्न व्यक्तिहरूबाट २०४१ सालपछि विभिन्न मितिमा बकस पाएको देखिएको, कि.नं. १५८०, १५८२ को जग्गाहरू वादी प्रतिवादीबीच मानो छुट्टिएको मिति २०४७।१२।५ पछि प्रतिवादीले बकस पाएको देखिएको र कि.नं. ४३१ को जग्गा पनि निज प्रतिवादीले मानो छुट्टिएको मितिपश्चात् २०५५ सालमा राजीनामाबाट पाएको देखिँदा मानो छुटेको मितिपश्चात् बकस र राजीनामाबाट प्राप्त गरेको जग्गा वण्डा नहुने र सगोलमा रहँदाको अवस्थामा आफ्नो निजी तवरले बकस पाएको त्यस्तो जग्गा पनि अंश वण्डाको १८ नं ले पाउने निजी भई बण्डा गर्न कर नलाग्ने ।

इजलास अधिकृतः कमलराज बिष्ट

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६ साल माघ १८ गते रोज २ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप फैसला भएका छन्:

- २०६३ सालको फौ.पु.नं. ४२१, जालसाजी, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली समेत*
- २०६३ सालको फौ.पु.नं. ४२५, जालसाजी, *रामेश्वर साह तेली वि. हरिनारायण साह तेली समेत*
- २०६३ सालको फौ.पु.नं. ४२६, *रामेश्वर साह तेली वि. मुनेश्वर साह तेली समेत*
- २०६३ सालको फौ.पु.नं. ०४२७, जालसाजी, *रामेश्वर साह तेली वि. अशोककुमार साह तेली समेत*
- २०६३ सालको फौ.पु.नं.४२८, जालसाजी, *रामेश्वर साह तेली वि. अशोककुमार साह तेली समेत*
- २०५८ सालको दे.पु.नं ६८६५, लिखत दर्ता बदर, *अनारकली देवी वि. रामेश्वर साह तेली,* २०५८ सालको दे.पु.नं. ६८९२, *अशोककुमार साह तेली वि. रामेश्वर साह तेली,* २०५८ सालको दे.पु.नं. ६८९३, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली*
- २०५८ सालको दे.पु.नं ६८६६, लिखत दर्ता बदर, *राजकली देवी साह तेलीन वि. रामेश्वर साह तेली,* २०५८ सालको दे.पु.नं. ६८९०, *अशोककुमार साह तेली वि. रामेश्वर साह तेली,* २०५८ सालको दे.पु.नं. ६८९५, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली*
- २०५८ सालको दे.पु.नं. ६८८९, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली,* २०५८ सालको दे.पु.नं. ७०२४, *हरिनारायण साह तेली वि. रामेश्वर साह तेली,*
- २०५८ सालको दे.पु.नं. ६८९१, लिखत दर्ता बदर, *अशोककुमार साह तेली वि. रामेश्वर साह तेली,* २०५८ सालको दे.पु.नं. ६८९४, *मुनेश्वर साह तेली वि. रामेश्वर साह तेली,* २०५८ सालको दे.पु.नं ७९३१, *राकेश कुमार यादव वि. रामेश्वर साह तेली*

१२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०१२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिलबहादुर बि.क.*

कुनै पूर्व योजना बिना, पूर्व रिसइवी पनि नभएको र हत्या गर्दा जोखिमी हतियारको प्रयोग समेत नगरिएको केवल श्रीमतीले दाई नबोलेर के भयो त भनी भनेको कारण तत्काल रिस उठी घाँटी अँठ्याएको र सोही कारणबाट मृत्यु भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदा प्रतिवादीको कसूर ज्यानसम्बन्धी महलको १४ नं. अनुरूपको देखिन आउने ।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत्२०६६ चैत २५ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०२६८, कर्तव्य ज्यान, *मनोज रिमाल वि. नेपाल सरकार*

प्रतिवादीले मृतकको घाँटी समाई कानको जोर्नीमा मुड्कीले हिर्काएको भनी स्वीकार गरेको र शव परीक्षण प्रतिवेदनमा पनि मृत्युको कारण anual Strangulation भनी उल्लेख भएकोले प्रतिवादीको साबिती वयान, शव परीक्षण प्रतिवेदन समेतबाट समर्थित भएको देखिन्छ । यसबाट मृतकको मृत्यु प्रतिवादीले मृतकको सिक्री लुट्ने क्रममा मृतक महिलाले कराएपछि महिलाको आवाज बन्द गर्न घाँटी थिचेको अवस्थामा भएको तथ्य प्रतिवादीको वयान र अन्य सबूद प्रमाण समेतबाट पुष्टि हुन आएकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले अ.वं. १८८ नं. बमोजिम दश वर्षमात्र कैद हुने ।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी
इति संवत् २०६६ चैत २५ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०३३६, कर्तव्य ज्यान, *टंक बस्नेत वि. नेपाल सरकार,* २०६५ सालको साधक नं ००२४, *नेपाल सरकार वि. टंक बस्नेत*

प्रतिवादीले सीता विश्वकर्मासँग नाजायज रूपमा शारीरिक सम्बन्ध राखेको परिणामस्वरूप मृतक सीता विश्वकर्माबाट नवजात बालिकाको जायजन्म भएकोले गाउँ समाज बसेर नवजात वालिकासहित निज सीता विश्वकर्मालाई प्रतिवादीको जिम्मा लगाएपछि प्रतिवादीले आफ्नो इज्जत प्रतिष्ठामा धक्का पुग्न गएको र समाजमा आफ्नो बेइज्जती भएको महसूस गरेको कारणबाट र निजहरूलाई पालनपोषण गर्ने दायित्वबाट मुक्ति पाउन मृतकहरूलाई ललाई फकाई एकान्त ठाउँमा लगी फलामको हथौडा प्रहार गरी हत्या गरेको तथ्य प्रतिवादीले जिल्ला प्रहरी कार्यालयमा उपस्थित हुँदा दिएको निवेदन, अपराध अनुसन्धानको क्रममा र अदालतसमक्ष गरेको साविती बयान र मौकामा बुझिएका व्यक्तिहरूको भनाई समेतबाट पुष्टि हुन आएकोले सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत्२०६६ चैत २५ गते रोज ४ शुभ् ।

१५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०३८५, लेनदेन, *रवेन्द्र झा वि. दिगम्बर झा मैथिल*

ऋणी भनिएका चन्द्रदेव झा र निजहरूका अंशियारबीच २०५३।१२।२२ मा बण्डापत्रको लिखत भनिएकोमा निज चन्द्रदेवको मृत्यु २०५४।४।९ मा भएको भन्ने देखिन्छ । प्रस्तुत मुद्दाको फिराद २०५८।१।२५ मा दायर भएकोमा आफ्ना पिता चन्द्रदेव झाले वादीसँग ऋण लिनु भएको थियो, तर वादीसँग ऋण के कति रूपैयाँ लिएको थाहा भएन, वास्तविक रूपैयाँ के कति छ त्यो रूपैयाँ हामी प्रतिवादी दिन तयार छौं भनी आफ्नो प्रतिउत्तरमा लेखाउने यी पुनरावेदक प्रतिवादीले वण्डापत्रमा ऋण समेतको कुरा उल्लेख गरेको देखिँदैन । यदि ऋण लिएको सम्बन्धमा निजलाई थाहा जानकारी भए मौकैमा वण्डापत्रमा सो लेखाउन सक्नु पर्दथ्यो, तर सो गर्न सकेको देखिएन । प्रतिवादीहरूका बीचमा अपुताली हक कायम मुद्दा परी बाबु आमाको अपुताली अन्य प्रतिवादीले समेत पाउने ठहरी फैसला भएकोले ऋण पनि सबैलाई भाग लाग्ने हो कि भनी हेर्दा प्रस्तुत लेनदेन मुद्दा र अपुताली सम्बन्धको विषय छुट्टाछुट्टै रहेको देखिन्छ । सो मुद्दाको आधारमा प्रस्तुत मुद्दामा पनि फैसला हुन सक्ने देखिदैन । नाताभित्रका व्यक्तिले दिएको फिरादको हकमा यी प्रतिवादी बाहेक अन्य प्रतिवादीले वादी दावीलाई इन्कार गरेको देखिएको र लिखत समेत विवादास्पद रहेको देखिँदा ऋण लिएको स्वीकार गर्ने यी प्रतिवादीबाहेक अन्यले ऋणको दायित्व व्यहोर्नु नपर्ने ।

इजलास अधिकृतः नेत्रप्रसाद आचार्य
कम्प्युटरः: मुकुन्द बिष्ट
इति संवत् २०६६ माघ २८ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको दे.पु.नं. ८०३३, मिलापत्र बदर दर्ता नापी निर्णय बदर, *भवानीप्रसाद पराजुली वि. विश्वनाथ साह समेत*

अ.वं. १८२ नं. अनुसार मिलापत्र हुने प्रकृतिको मुद्दामा वादी प्रतिवादीबीच मिलापत्र गर्दा वादीले दावी गरेको विषयमा कानूनको सीमाभित्र रही मिलापत्र हुन सक्दछ तर वादीले दावी गरेको विषयभन्दा बाहिर गै मिलापत्र हुँदैन । मिलापत्र गर्दा दावीका प्रश्न र तिनका हकमा प्रतिवादी कथनमा सीमित रहनु पर्दछ । मुद्दाको विषय नै नरहेको सम्पत्तिको स्वामित्वका विषयमा अप्रासंगिक रूपमा घुसाई भएको मिलापत्रलाई दूषितको दर्जामा राख्नु पर्ने हुन्छ । यस्ता मिलापत्रलाई चुनौती दिई आएको विवाद अदालतका लागि अ.वं. ८६ का माध्यमले विवेचना तथा ठहर गर्नुपर्ने विषय बन्दछ । प्रस्तुत विवादमा वादीले दावी नै नगरेको कि.नं. ६० र ६३

का जग्गाहरू समेत समावेश गरी मिलापत्र भएको देखिँदा त्यस्तो मिलापत्रले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।
इजलास अधिकृतः नेत्रप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द बिष्ट
इति संवत् २०६६ पुस २१ गते रोज ३ शुभम् ।
यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप फैसला भएका छन्:

- २०५८ सालको फौ.पु.नं. २९१०, जालसाजी, *भवानीप्रसाद पराजुली वि. विश्वनाथ साह*
- २०५८ सालको फौ.पु.नं. २९११ *भवानीप्रसाद पराजुली वि. विश्वनाथ साह समेत*
- २०५८ सालको दे.पु.नं. ८०३२, लिखत बदर, *भवानीप्रसाद पराजुली वि. विश्वनाथ साह समेत*

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री तपबहादुर मगर,** २०६१ सालको फौ.पु.नं. ३४४१, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. राधा यादव समेत*

घा जाँच केश फाराममा उल्लिखित घा खतको विवरण र कैफियतमा उल्लिखित व्यहोराले पीडितलाई लागेको चोटका कारण पीडित मर्नेसम्मको अवस्थामा पुगेको भन्ने अभियोग दावी स्थापित हुन सकेको पाइएन । बन्दुकको गोली बरामद हुनु र प्रतिवादीहरूको कपडामा रगतका दाग देखिनु मात्र ज्यान मार्ने उद्योगको कसूर स्थापित हुने आधार बन्न सक्दैन । पीडितको शरीरमा परेको चोटबाट ज्यानै मार्नेसम्मको चोट परेको नदेखिएको र मर्म स्थानमा घा खत समेत नदेखिएको अवस्थामा प्रस्तुत मुद्दामा घटेको वारदात ज्यानसम्बन्धीको १५ नं. अन्तर्गतको कसूरको परिभाषाभित्र पर्ने देखिन नआउने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री तपबहादुर मगर,** २०६२ सालको रिट नं. ३७७३, उत्प्रेषण समेत, *ठाकुरप्रताप थापा वि.श्रम अदालत काठमाडौं समेत*

निवेदकहरू समेत मीलका कामदार कर्मचारीहरूले पारिश्रमिक भुक्तानी पाऊँ भनी श्रम कार्यालयमा सामूहिक निवेदन दिएपश्चात् त्यसैको निरन्तरताको रूपमा कामदार र व्यवस्थापकबीच २०५८।६।२२ मा सम्झौता भई मील २ वर्षदेखि बन्द भएको स्वीकार गरी ३ महिनाको तलव भत्ता समेत भुक्तानी लिने दिने सम्झौता गरेको देखिन्छ । उक्त सम्झौताअनुरूप २०५८।६।२९ मा कामदारहरूले रकम समेत भुक्तानी लिई सकेको अवस्थामा गंगा खजुवार, राजु नेपाल र तुलसी तिवारीले उक्त सामूहिक सम्झौताबमोजिम रकम नबुझी मील बन्द भएको अवस्थाको समेत पूरा पारिश्रमिक दावी गरी श्रम कार्यालयमा पुनः निवेदन दिनुलाई मुनासिब र न्यायोचित दावी भन्न नमिल्ने हुँदा गंगा खजुरबार, राजु नेपाल र तुलसी तिवारीलाई निजहरूको निवेदन दावीअनुसार मील बन्द भएको अवस्थाको समेत पारिश्रमिक दिलाउन नमिल्ने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल फागुन ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री गौरी ढकाल,** २०६६ सालको फौ.पु.नं. CR ०२३८, भ्रष्टाचार, (नक्कली शैक्षिक प्रमाण पत्र) *फणिन्द्रध्वज कार्की वि. नेपाल सरकार*

शैक्षिक प्रमाणपत्रको आधिकारिकता निर्क्यौल गर्दा जारी गर्ने निकायको भनाई नै अन्तिम र महत्त्वपूर्ण हुन्छ । B.N.:andal University बाट विवादित सर्टिफीकेट नक्कली भन्ने स्पष्ट रूपमा उल्लेख गरेबाट उसको भनाईबमोजिम सर्टिफीकेटलाई सक्कली मान्न मिल्ने अवस्था देखिएन । २ पटकसम्म त्यही विश्वविद्यालयको

नामबाट हिन्दी Letterpad मा प्रमाणपत्र सक्कली हो भनी लेखिएको मिसिल संलग्न पत्रबाट देखिए पनि उक्त पत्रहरू सद्दे नभएको र पछिल्लो ३०।४।०७ को पत्र त T.U. मा प्राप्त भएको समेत देखिँदैन । प्रमाणपत्र सद्दे हो भन्ने व्यहोराका पत्रहरू र सद्दे होइन भन्ने अन्य पत्रहरू भिडाई हेर्दा पनि सद्दे हो भन्ने मिति ३०।४।०७ र ८।८।०६ का पत्रका apperance, language, stamp र letterpad समेत स्वाभाविक नदेखिएको स्थितिमा प्रतिवादीले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचारको कसूर गरेको ठहऱ्याएको विशेष अदालतको फैसला कानूनसम्मत नै देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल असार १५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको फौ.पु.नं. ०३००, डाँका ज्यान, *नेपाल सरकार वि. रामबाबु पासवान समेत*

अन्य स्वतन्त्र भरपर्दो प्रमाणबाट यी प्रतिवादीहरू आरोपित कसूरमा दोषी नदेखिएको अवस्थामा केवल अधिकार प्राप्त अधिकारी जो आफैं मुद्दाको अनुसन्धान गर्ने वादी हो उसै समक्षको साबिती वयानको आधारमा मात्र प्रतिवादीहरूलाई आरोपित कसूरमा सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जान्छ । तसर्थ यकीन र स्वतन्त्र प्रमाणको अभावमा यी प्रतिवादीहरू रामबाबु पासवान, इन्दल पासवान र विजय पासवानले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं. ०६३–CI ०३५७, घर भत्काई पाऊँ, *लाटा महर्जन समेत वि. केशलक्ष्मी कर्माचार्य समेत*

केशलक्ष्मीले २०४६ सालमा बनाएको विवादित घर यी पुनरावेदक वादीहरूको जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्रै नालिस गर्न आउन पर्ने देखिन्छ । तर प्रस्तुत मुद्दामा यी पुनरावेदक वादीले उक्त एक वर्षको हदम्यादभित्र नालिस गर्न नआई २०४६ सालमा बनाएको उक्त विवादित घर भत्काई पाउन करीव ११ वर्षपछि २०५७।१२।१६ मा मात्र नालिस गर्न आएको देखिँदा निजको फिराद दावी हदम्याद भित्रको नदेखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री गौरी ढकाल,** २०६० सालको फौ.पु.नं. ३४१४, कुटपीट, *मत्तल यादव समेत वि. बेचन लोहार समेत*

प्रतिवादीहरूको कुटपीटबाट वादी सुकई यादवको देब्रे हात र मत्तल यादवको दाहिने हात भाँचिएको र २०५८ सालको डाक्टरको परीक्षण प्रतिवेदन र २०६६ सालको परीक्षण प्रतिवेदनबाट निजहरूको भाँचिएको हात पूरै काम लाग्ने अवस्थामा भएको भन्ने नदेखाई केही भाग निको हुने प्रक्रियामा रहेको भन्ने देखियो । कुटपीटको ७ नं. मा अंगभंगको खत हुने बाहेक अरू अंग फोर्ने छिनाल्ने फुकाल्नेलाई सो अंग निको भई काम लाग्ने भएमा दुई हजार रूपैयाँ जरीवाना र ६ महिना कैद र निको भैकन पनि काम नलाग्ने भएमा वा निकै नहुने भएमा पाँच हजार रूपैयाँ जरीवाना र एक वर्ष कैद गर्नुपर्ने भन्ने व्यवस्था भएको पाइन्छ । वादीमध्येका सुकइको देब्रे हातको भाँचिएको हड्डीमध्ये Radices भन्ने हड्डी जोडिने Process मा रहेको र मत्तल यादवको बाँया हातको Radices भन्ने हड्डी जोडिएको Ulna भन्ने हड्डी पछिल्लो पटक २०६६।११।२० को पत्रसाथ प्राप्त वीर अस्पतालको परीक्षण प्रतिवेदनबाट देखिँदा निजहरूको भाँचिएको हात पूर्ण रूपले काम लाग्ने अवस्थामा नरहेको भन्ने

प्रमाणित भएकाले प्रतिवादीहरूलाई कुटपीटको महलको ७ नं. अनुसार सजाय हुने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको फौ.पु.नं. ३६३०, जालसाजी, *रामनरेश राय यादव समेत वि. तसलिमा खातुन समेत*

संविधान र नेपाल कानूनले अन्तर्जातीय तथा अन्तर्धार्मिक विवाहलाई निषेध गर्दैन र यस अदालतले पनि अन्तरधार्मिक विवाह हुन सक्दैन भन्ने कुराको विश्वास गर्दैन तर फिराद साथ पेश भएको नागरिकताको प्रतिलिपिबाट १९९९ सालको जन्म मिति भएकी हफिजनीको ५५, ५६ वर्षको उमेरमा त्यो पनि शारीकि रूपमा अस्वथ्य भएकी महिलाको अर्को पत्नी भएका यी राम गुलामसँग अन्तर्धार्मिक प्रेम विवाह भएको होला भन्ने कुरा अन्य तथ्य एवं प्रमाणबाट पुनरावेदकले प्रमाणित गर्न नसकेको अवस्थामा पत्यारलायक नदेखिने ।

एकातिर समाजको लोकलाजले हफिजनीको नागरिकता र बकसपत्रमा नाम उल्लेख नगरेको भनी उल्लेख छ भने अर्कातिर समाजले भनेकोले निज हफिजनीलाई घर भित्र्याएँ भनी पुनरावेदकले उल्लेख गरेको कुरा समेत आफैंमा विराधाभाषपूर्ण भई यस्तो अवस्थामा २०५७।४।२७ को सर्जमिन एवं सो आधारमा गरिदिएको सिफारिशलाई सद्दे साँचो मान्न नमिली उक्त कार्य जालसाजी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६२ सालको फौ.पु.नं. ३६२९, जालसाजी, *यिनै वादी प्रतिवादी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको फौं.पु.नं. ०५५४, लागू औषध (खैरो हेरोइन*), नेपाल सरकार वि. सीताराम प्र. स्वर्णकार*

प्रतिवादी सीताराम २५ ग्राम खैरो हेरोइन सहित बीरगञ्ज प्रतिमा चोकबाट पक्राउ परेकोमा यत्रो परिमाणको लागू औषध सेवन गर्ने बानी वा लत र त्यसलाई धान्न सक्ने आफ्नो आर्थिक हैसियत र खरीद गरेको व्यक्ति देखाउने कानूनी कर्तव्य प्रतिवादीको हो । यदि प्रतिवादीले यी तीन कुरा प्रमाणित गर्न सक्तैन भने बरामदी लागू औषध कारोवार तथा बिक्री वितरणको लागि प्रतिवादीको साथमा रहेको मान्नु पर्छ । यस स्थितिमा किन्ने मान्छे देखिएन, बेच्दै गरेको अवस्थामा पक्राउ परेको पाइएन भन्ने आधारमा बिक्री वितरणको कसूर गरेको होइन, सेवनको लागि मात्र साथमा राखेको भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६४ सालको फौ.पु.नं. ०५५५, लागू औषध (गाँजा) *नेपाल सरकार वि. सीताराम प्र. स्वर्णकार* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०२९५, चलन चलाई पाऊँ, *प्रदीपमान स्थापित समेत वि. मञ्जूरानी राणा*

वादीले फिरादसाथ पेश गरेको कर कार्यालयको फुकुवापत्रको सम्बन्धमा मिसिल संलग्न कर कार्यालयको मिति २०४७।१०।२२ को कर निर्धारण आदेशमा आ.व. २०१६।१७ देखि २०४४।४५ र २०४५।४६ सम्मको कर नलाग्ने भन्ने उल्लेख भएको रहेछ । यसबाट आर्थिक वर्ष २०१६।०१७ देखि २०४५।०४६ सम्मको निर्धारण एकैपटक गराएको देखिन्छ । कर कार्यालयको सो

आदेश भएपश्चात् लगत्तै २०४७।११।९ मा मोही लगत कट्टा गरिपाऊँ भनी यिनै प्रतिवादी इन्दुशम्सेर विरूद्ध भूमिसुधार कार्यालयमा निवेदन दिएको भन्ने कुरा प्रमाणमा आएको मिसिलबाट देखिन्छ । प्रतिवादीको परोक्षमा एकतर्फी रूपमा वादीले आफ्नो जग्गाको नाताले घर आफ्नो बनाउने उद्देश्यले प्रमाण खडा गरेको घटनाक्रमले देखिन आएकोले सर्भे नक्सा र भरपाईबाट विवादित घर प्रतिवादीको प्रमाणित भएकोले प्रतिवादीको परोक्षमा खडा भएको त्यस्ता प्रमाणले वादीलाई मद्दत गर्न नसक्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर ८ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CI ००२५, निर्णय दर्ता बदर दर्ता, महेश *पराजुली वि. गुठी संस्थान समेत*

वादीले दावी लिएको काठमाडौं जिल्ला साविक महादेवस्थान गा.वि.स. वार्ड नं. ५ कि.नं. ७० को ५-१२-० मध्ये २०४३ सालको नापीमा कायम भएको का.म.न.पा. वार्ड नं. १० (ठ) कि.नं. ८२ को १-५-२-० जग्गा वादीको हकको देखिएकोमा हक कायम ल्याउनु भन्ने मालपोत कार्यालय काठमाडौंले गरेको २०४७।४।३२ को निर्णय बदर गरी उक्त जग्गा वादीका नाममा दा.खा.दर्ता गरिदिनु पर्ने भै वादीका नाममा दा.खा. दर्ता समेत हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन १९ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको स.फौ.पु.नं. ३७४२, कर्तव्य ज्यान, *चिन्कु कहार वि. नेपाल सरकार*

मृतकको छोरीले घाँस काटेको विषयमा मृतक र प्रतिवादी कमला कहारबीच वाद विवाद भै प्र. कमला कहारको वचन पाई पुनरावेदक प्रतिवादीले तत्काल उठेको रिसले मृतकलाई लाठी मुक्काले हानी मृत्यु भएको अवस्था हुँदा प्र. चिन्कु कहारको हकमा पनि आवेशप्रेरित हत्यामा लागू हुने ज्यानसम्बन्धी महलको १४ नं बमोजिमकै कसूर सजाय कायम हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं ९१११, लिखत दर्ता बदर दर्ता, *लालबाबु राउत अहिर समेत वि. रामायण राउत अहिर समेत*

अंशियारको निजी हकको अरूको हकदावी नलाग्ने निर्विवाद किसिमको जग्गा बिक्री व्यवहार वा दान बकस गर्न पाउनु नागरिकको साम्पत्तिक अधिकार हो । तर यस्तो व्यवहार अरू अंशियारको सहमति मञ्जूरी लिई गरिएको र अरू अंशियारको हक हितमा प्रतिकूल असर नपर्ने गरी गरिएको हुनुपर्दछ । अंश मुद्दा चल्दाचल्दै प्र. जादेलाल राउत अहिरले छोरा लालबाबु राउत अहिरलाई वादीहरूको मञ्जूरीबेगर जग्गा हालैदेखिको बकसपत्र पारित गरी दिएको हुँदा कानूनी परिधिभित्र बसेर जग्गा लिनु दिनु गरेको मान्न नमिल्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल पुस २९ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६१ सालको दे.पु.नं. ९११०, लिखत दर्ता बदर दर्ता, *जादे लाल राउत अहिर वि. रामायण राउत अहिर समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१३

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको रिट नं. WO-०१८३, उत्प्रेषयुक्त परमादेश, *भक्ति शाह वि. सैनिक विशेष अदालत समेत*

निवेदक सैनिक ऐन लागू हुने व्यक्ति भन्नेमा विवाद भएन । निवेदकले आफूलाई लागू हुने कानूनका दुई शर्तहरू जस्तै आफ्नो कोठामा अरू प्रशिक्षार्थीलाई सुताएको र उठाउन नहुने रकम उठाएकोमा सावित भएको देखिँदा निवेदकबाट आचरणविपरीत काम गरेको प्रमाणित हुन आयो । कुनै पनि सँगठनको अधिकारीले छानबीन गरी गराई, आरोप लगाई आरोपउपर सफाइको लागि प्रमाण पेश गर्न मौका समेत प्रदान गरी स्पष्टीकरण समेत मागी गरेको कारवाहीलाई विभागीय कारवाही र सजायसम्बन्धी मान्य प्रचलनअनुसार भएको मानिन्छ । प्रस्तुत मुद्दामा निवेदकउपर भएको कारवाही कानूनबमोजिम रीतपूर्वक नै देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः मुकुन्द बिष्ट
इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं.०६३-WO–०६०७, उत्प्रेषण, *भैरवकुमार पिया वि. श्यामकुमार पिया समेत*

बाली (वहाल) रोक्का राख्दैमा निवेदकलाई अपूरणीय क्षति हुने वा निवेदकको हकमा प्रतिकूल असर पर्न जाने भन्न मिल्दैन । अंशवण्डाका ३१ नं. वा जग्गा मिच्नेको १० नं. मा प्रयुक्त शब्दावली हेरेमा मुद्दा नछिनुञ्जेल रोक्का राखी फैसला भएपछि हक पुग्नेलाई फिर्ता दिनुपर्ने भन्ने प्रावधानले यदि विपक्षी श्यामकुमारको हक नपुग्ने स्थिति आएमा, हक नै गुम्ने अवस्थामा आफ्नो मात्र एकलौटी हुनुपर्छ भन्ने दावी पनि प्रयोजनहीन हुन जान्छ । बहाल रकम रोक्कासम्म राखेको कारणले मुद्दामा पछि हुने निर्णयलाई तात्विक भिन्नता पर्ने देखिँदैन । झगडा परेको जग्गाको बाली रोक्कासम्म राखेको कार्यलाई कानूनप्रतिकूल भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं ०६३-WO-०६०६, उत्प्रेषण, *उत्तमकुमार पिया समेत वि. चितवन जिल्ला अदालत समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१५

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ००४०, कर्तव्य ज्यान, चोरी, *मिङ्मार तामाङ्ग वि. नेपाल सरकार,* २०६५ सालको साधक नं. ०१७, *नेपाल सरकार वि.मिङ्मार तामाङ्ग*

प्रतिवादी विनोद तामाङ्ग र मिङ्मार तामाङ्गको कुटाइको चोटबाट उपचारको क्रममा राजु कार्कीको मृत्यु भई निजहरूले मृतकको रू.५,६३१।- को मोबाइल समेतको धनमाल लगेको पुष्टि भएकाले निजहरूलाई ज्यानसम्बन्धी महलको १ र १३(३) नं. र चोरीको ४ नं. को कसूरमा ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैद र चोरीको ४ नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः मुकुन्द बिष्ट
इति संवत् २०६७ साल बैशाख ८ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०३६०, उत्प्रेषण समेत, *दिनेश्वर सिंह वि.अशोककुमार मुखिया समेत*

निवेदकले दिएको अंश मुद्दामा विपक्षी रामगती सिँहले प्रतिउत्तर फिराउँदा घरको मुख्य मानिस आमा कुसुमीदेवी हुन् भनी उल्लेख गरेको पाइएपनि निवेदककी आमा कुसुमीदेवी र भाई रामगती सिँहबीच मिति २०५५।४।५ मा अंश छोडपत्रको लिखत हुँदा रामगतीले देखाएका ऋणहरू उक्त अंश छोडपत्रको कागज गर्दाको अवस्थामा उल्लेख भएको पाइँदैन । निवेदक वादी भई अंश मुद्दा परेपछि मात्र लेनदेन मुद्दा परेको समेतबाट र विपक्षी रामगती स्वयंले आफू घरको मुख्य मान्छे नभई आमा मुख्य मान्छे हुन् भनी स्वीकार गरेको

अवस्थामा निजले लिए खाएको ऋण यी निवेदकले तिर्नु पर्ने भन्न कानूनसम्मत नदेखिने ।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल पुस ९ गते रोज ५ शुभम् ।

१७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO–०८२७, उत्प्रेषणयुक्त परमादेश, *सुरेन्द्र राय वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियारवालाले स्वस्थ्य सेवा ऐन, नियमबमोजिम निवेदक ६० दिनभन्दा बढी अनुपस्थित भएपछि स्वतः आफैं कारवाहीको उठान नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट अवकाश दिने विभागीय कारवाही गरी आयोगलाई जानकारी दिनु भनी लेखी आएबमोजिम कारवाही उठान भई अगाडि बढेको देखिन्छ । अख्तियारवाला विभागीय कारवाही गर्ने सन्दर्भमा कुनै पनि External Factor बाट Guided हुन सक्दैन । अर्धन्यायिक निकायको अधिकारी झैं Independent रूपमा प्रमाणको उचित मूल्याङ्कन गरी निर्णयमा पुग्नु पर्दछ । कसैको निर्देशन वा Dictation बाट उसको कारवाही तथा निर्णय प्रभावित हुनु हुँदैन । उसबाट हुने कारवाहीमा Fair Trial को प्रत्याभूति हुनुपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं ०६४-WO–००५८, उत्प्रेषण, *देवीप्रसाद गौतम वि. जिल्ला वन कार्यलय, बारा समेत*

प्राकृतिक स्रोतहरू आर्थिक, विकासमा महत्त्वपूर्ण स्रोत हुन् । प्राकृतिक स्रोतद्वारा आर्थिक विकास सम्भव हुन्छ । प्राकृतिक स्रोत आर्थिक विकासको लागि प्रयोग हुने वस्तु हो । तर, प्रश्न के हो भने प्रकृतिले दिएको प्राकृतिक स्रोतको प्रयोग Sustainable र वातावरण प्रदूषण नहुने गरी गर्नु पर्दछ । तर विपक्षी नेपाल प्रोग्रेसिभ कन्स्ट्रक्शन प्रा.लि. लाई Stone Aggregates उत्पादनमूलक उद्योगमा दर्ता गर्ने गरी प्रमाणपत्र दिने भनी उद्योग विभागबाट भएको मिति २०६३।१२।२३ को निर्णय एवं सोही आधारमा जिल्ला वन कार्यालय बाराले उक्त उद्योगलाई ढुंगा संकलन गर्ने इजाजत दिएको भन्ने मिति २०६३।३।२९ को पत्र समेत वातावरणीय प्रभाव मूल्याङ्कनको दृष्टिकोण, प्रचलित कानूनी व्यवस्था र नेपालले अवलम्बन गरेको वातावरण नीतिप्रतिकूल देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

१९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO–०१८८, उत्प्रेषण परमादेश, *राम प्रगास महतो वि.ईन्द्रदेव महतो कोइरी समेत*

पञ्चकीर्ते मूल्याङ्कन गर्दा कानूनको रीत नपुऱ्याई भएको वा घटी मूल्याङ्कन भएकोमा आफूलाई थाहा भएपछि कानूनले निर्धारण गरेको म्यादभित्रै उजूर गर्नु पर्नेमा उजूर नगरी लिलाम कार्य सम्पन्न भै सकेपछि मात्र उजूर गरेको पाइँदा रिट निवेदकले लिलामसम्बन्धी कारवाहीलाई स्वीकार गरेको मान्नु पर्ने हुन्छ । फैसला कार्यान्वयनको सिलसिलामा भएका काम कारवाही अ.वं १७ नं. अन्तर्गत परेको निवेदनबाट पुनरावेदन अदालतले परीक्षण गरी गरेको आदेशबाट निवेदकको सम्पत्तिको हकमा आघात परेको भन्ने नदेखिँदा मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने ।
इजलास अधिकृतः नारायणप्रसाद अधिकारी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल जेठ ९ गते रोज ४ शुभम् ।

२०

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०३५८, उत्प्रेषण परमादेश, *हरिबोलप्रसाद गजुरेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राज्य सञ्चालनको क्रममा प्रचलित कानून एवं संविधानबमोजिम गठित सरकारले गठन गरेको आयोग सरकार परिवर्तन हुँदैमा स्वतः काम नलाग्ने भन्ने पनि होइन । आयोगले आफूलाई तोकिएको जिम्मेवारीबमोजिम तयार गरेको प्रतिवेदन फरक राजनैतीक विचारधारा भएका व्यक्तिले तयार गरेको भन्दैमा त्यसले कुनै महत्त्व नै नराख्ने होइन । बरू सम्बन्धित क्षेत्रको लागि महत्त्वपूर्ण दस्तावेजकै रूपमा रहने हुँदा त्यसलाई बुझ्न इन्कार गर्नु उत्तरदायी सरकारको हकमा मनासिब देखिन आएन । प्रचलित संविधान र कानूनबमोजिम आफूसरह नै गठन भएको सरकारले कानूनसम्मत ढंगबाट गठन गरेको आयोगको प्रतिवेदन बुझ्नु सरकारको कर्तव्य भएकोमा तयार भएको प्रतिवेदन बुझ्न इन्कार गरी कर्तव्यको पालना गरेको भन्ने देखिन नआउदा नेपाल सरकारको मिति २०६५।८।२५ को निर्णयानुसार गठित भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगले तयार गरेको प्रतिवेदन बुझ्नु भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम् ।

२१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको फौ.पु.नं. ००८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जगतबहादुर राई*

मृतकको लासको Postmortom हुन नसकेको, प्रतिवादीहरू कसूर गरेको आरोपमा इन्कार भई वयान गरेको, प्रतिवादीको विरूद्ध प्रत्यक्षदर्शी प्रमाण नभएको प्रतिवादीहरूले नै मृतकलाई मारेको भन्न सकिने कुनै ठोस प्रमाण नभएको हुँदा आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम् ।

२२

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ५७२, कुटपीट अंगभंग, *नेपाल सरकार वि. बीपिन महरा समेत*

कुटपीटका कारण शरीरमा पुगेको क्षति बापत कति पाउने भन्ने सम्बन्धमा हेर्दा कुटपीट महलको नं. २५ मा कुटपीट ठहरेपछि कुटपीट गर्नेलाई भएको जरीवानाबाट उठेको रकममध्ये केही खण्ड नेपाल सरकारमा जाने र केही खण्ड कुटपीटबाट पीडित व्यक्तिले घा जाँच खर्चबापत बाँड्न पाउने व्यवस्था भएको देखिन्छ । कुटिनु पीटिनुले नागरिकको अनतिक्रम्य शरीरको अतिक्रमण हुनुको साथै स्वतन्त्रता समेत अपहरण गर्दछ । राज्य यस्तो अवस्था हेरेर बस्न सक्दैन । नागरिकको अनतिक्रम्य शरीरमा कुटपीट गरी कसैले चोट पुऱ्याउँदछ भने त्यसबापत जरीवानाको सजाय गरी राज्यले आम्दानी गर्ने भन्ने होइन, कुटपीट गर्ने त्यस्तो व्यक्तिबाट पीडितले क्षतिपूर्ति घा जाँच खर्च भराउने व्यवस्थासमेत हुनुपर्ने हो यस्तो कानून नहुनु दुर्भाग्य हो । पीडितले कुटपीटको कारण भएको उपचार गर्दा रू.८३,१४९।- खर्च भएको भनी बिल पेश भएको देखिन्छ । प्रतिवादी यस अदालतबाट समेत दोषी ठहर भएकोमा विवाद भएन । अन्य मुद्दामा कसैले कसैको सम्पत्ति क्षति पुऱ्याएमा क्षतिपूर्ति at Cost भराइन्छ । क्षतिपूर्ति at Cost भराउने मान्य प्रचलन नै हो । क्षतिपूर्ति भराउने मान्य प्रचलन नै हो । क्षतिपूर्ति भराउने कार्य सजाय होइन । जरीवाना गर्ने कार्य सजाय हो । तर क्षतिपूर्ति भराउने कार्य सजाय नभई यो कार्य civil liability अन्तर्गत पर्ने कार्य हो । त्यसैले प्रतिवादी दोषी ठहर भएपछि क्षतिपूर्ति भराउने सम्बन्धमा न्यायको रोहमा यस अदालतले पनि बिगो रकम यकीन गर्न सक्छ । पीडितले उपचार गर्दा फलफूल र खाना खर्च समेत र रु.८३,१४९।- खर्च गरेको भनी बिल भरपाई समेत पेश गरेको

मध्ये औषधि उपचारबापत र कुरूवा खर्चबापत गरी जम्मा रू.६१,०४०।- खर्च गरेको प्रमाणित भएको समेत देखिदा उक्त रकम at Cost घा खर्चबापत भराई दिनुपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. ०२७९, उत्प्रेषण समेत, *ज्ञानबहादुर बस्नेत वि. नेपाल बैंक लिमिटेड*

निवेदकले नेपाल बैंक लिमिटेड कर्मचारी नियमावली, २०४८ को नियम ८.७ मा उल्लिखित अनुसूची २५ बमोजिमको कारवाही गर्ने र सजाय दिने अधिकारीमा कार्यकारी वा महाप्रवन्धक वा प्रमुख मानव स्रोत व्यवस्थापन विभाग मात्र हुन सक्ने व्यवस्थाविपरीत आफूलाई बर्खास्त समेतको कारवाही गरिएको भन्ने जिकीरका सम्बन्धमा मिसिल संलग्न निवेदकले पेश गरेको मिति २०६२।४।१६ को बर्खास्त गरिएको पत्रको व्यहोरामै मुख्य प्रवन्धकले मिति २०६२।४।१६ को निर्णयानुसार वर्खास्त गरिएको व्यहोरा सूचित गरिन्छ भनी उल्लेख गरेको र सो मिति २०६२।४।१६ को निर्णय समेत मिसिल संलग्न रहेको र सो निर्णय प्रमुख मानव स्रोतबाट अर्थात् वर्खास्त गर्ने निर्णय अधिकार प्राप्त अधिकारीबाटै भएको देखियो । यसै गरी यी निवेदकले आफ्नो निवेदनमा नेपाल बैंक लिमिटेड कर्मचारी नियमावली, २०४८ को विपरीत मिति २०६३।५।२ को निर्णय संविधानविपरीत भयो भनी लिएको जिकीर पनि मिसिल संलग्न मिति २०६३।५।९ को पत्रमा निवेदकलाई वर्खास्त गर्ने गरी भएको निर्णयलाई मिति २०६३।५।२ को निर्णयले सदर गरेको व्यहोरा जानकारी गराइन्छ भन्ने व्यहोरा उल्लेख भएबाट र सो निर्णय मिसिलसाथ संलग्न रहेको देखिएबाट सो निर्णय पनि अधिकार प्राप्त समितिको निर्णय भएको देखिएको र निवेदकलाई सोधिएको स्पष्टीकरण र गरिएको कारवाही नेपाल बैंक लिमिटेड कर्मचारी नियमावली, २०४८ बमोजिम नै अधिकार प्राप्त अधिकारीबाट भए गरेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं ०६४३, उत्प्रेषण समेत, *शंकरलाल चौधरी वि. निजामती किताबखाना समेत*

निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा ३ र मन्त्रिपरिषद्‌को मिति २०६३।४।१ को निर्णय समेतबाट शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र सिटरोलमा उल्लिखित विवरणमध्ये जुन उमेरबाट निजको पहिला अवकाश हुन्छ सोही आधारमा अवकाश पाउने नै देखिई निवेदकको सिटरोलमा उल्लिखित उमेरलाई आधार मानी गरेको निवेदकको अवकाशसम्बन्धी निर्णय कानूनसम्मत नै भएको र रिट निवेदकले पेन्सन पट्टा समेत बनाई सकेको अवस्था देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६६ साल साउन २० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं ०८६०, उत्प्रेषण समेत, *अवधेशप्रसाद सिँह वि. नेपाल विद्युत प्राधिकरण समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री प्रेम शर्मा,** २०६३ सालको रिट नं. ०६३-WO–०६४०, उत्प्रेषण, *बीरेन्द्रकुमार सिँह दनुवार वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय समेत*

निवेदक बीरेन्द्रकुमार सिँह दनुवारका नाममा जारी भएको भनिएको मिति २०६३।३।११।१ को सूचनामा प्रहरी नियमावली, २०४९ को नियम

८९(२) बमोजिम प्रस्तावित सजाय समेत उल्लेख गरी स्पष्टीकरण माग गरेको नपाइएको तथा उक्त सूचना अ.बं. ११० को रीतपूर्वक तामेल भएको समेत नदेखिएको हुँदा प्राकृतिक न्यायको सिद्धान्त अवलम्बन गरी निवेदकलाई सफाइ पेश गर्ने मौका प्रदान गरिएको भन्न नमिल्ने ।

प्रहरी नियमावली, २०४९ को नियम ८८ (झ) को कसूर गरेको भनी ऐ. को नियम ८४(छ) अनुसार भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी उपरीक्षकले मिति २०६३।५।८।५ मा गरेको निर्णय र सोउपर पुनरावेदन सुनी प्रहरी नायव महानिरीक्षकले २०६३।६।२२।१ मा सदर गरेको निर्णय समेत उल्लिखित नियम कानून एवं प्रतिपादित सिद्धान्तको विपरीत भै त्रुटिपूर्ण रहेकाले बदर गरिदिएको छ । अब निवेदकलाई साविककै पदमा पुनर्वहाली गरी कानूनबमोजिम निजले पाउने सुविधा समेत दिनु दिलाउनु भनी परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंङ्गानी

इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री रणबहादुर बम,** २०६३ सालको रिट नं. ३४६८, उत्प्रेषण, *ज्ञानेन्द्र श्रेष्ठ वि. राजश्व अनुसन्धान विभाग*

भन्सार ऐन, २०१९ ले प्रदान गरेको अधिकार प्रयोग गरी अवैध पैठारी भएको सामानका सम्बन्धमा अनुसन्धान तहकीकात भइरहेको भन्ने कुरा राजश्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय समेतको लिखित जवाफबाट देखिइरहेकोले अधिकार प्राप्त निकाय र अधिकारीले आफ्नो क्षेत्राधिकारभित्र रही गरेको कार्य कानूनबमोजिम नै देखिएको हुँदा कानूनबमोजिमको अधिकारभित्रको कार्यमा हस्तक्षेप हुने गरी मागबमोजिम रिट जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६६ साल साउन १९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री मोहनप्रकाश सिटौला,** दे.पु.नं. २०६४ CI ०१६१, ०१६२, राजीनामा लिखत दर्ता बदर दर्ता, *जीउतप्रसाद यादव वि. जम्दार राउत अहिर समेत, राधिकादेवी वि. जम्दार राउत अहिर समेत*

राजीनामा गरिलिएको मिति २०५४।१०।२२ को लिखतको कैफियत महलमा प्रतिवादी राधिका देवीले उक्त जग्गा मेरो दाइजो पेवाको रूपैंयाबाट खरीद गरिलिएको हो भन्ने व्यहोरासम्म लेखाएको देखिन्छ । दाइजो पेवाको सम्पत्तिबाट खरीद गरेको भन्ने तथ्य स्थापित हुने अन्य कुनै प्रमाण निज प्रतिवादीले पेश दाखिला गर्न सकेको नपाइदा विवादको जग्गा आफ्नो दाइजो पेवाको सम्पत्तिबाट खरीद गरेको हो भनी प्रतिवादीले प्रमाणित गर्न नसकेको अवस्थामा सबै अंशियारबीच बण्डा लाग्ने सगोलको सम्पत्ति मान्नुपर्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री अवधेशकुमार यादव,** २०६६ सालको फौ.पु.नं. ०६६-CR–०३०६, लागू औषध खैरो हेरोइन, *चरण सिंह थापा क्षेत्री वि. नेपाल सरकार*

प्रतिवादी चरण सिंह थापा क्षेत्रीले अनुसन्धान अधिकारीसमक्ष वयान गर्दा सञ्जयकुमार पाठकबाट आफूले लागू औषध खरीद गरी लिएको र सोमध्ये केही लागू पदार्थ प्रतिवादी आदिप राना र आदर्श रानालाई बिक्री गरी बाँकी लागू औषध बिक्री गर्न हिडिरहेको अवस्थामा आफू समेत पक्राउ परेको हुँ भनी आरोपित कसूरमा सावित भै वयान गरेको पाइन्छ । पुनरावेदक प्रतिवादीको उक्त वयान व्यहोरा प्रतिवादीहरू आदीप राना र आदर्श रानाको प्रहरी समक्षको वयान व्यहोराबाट र बरामदी मुचुल्काबाट समेत समर्थित भएको देखिन्छ । प्रतिवादीहरू आदीप राना र आदर्श रानाले आफूहरूलाई लागू औषध बिक्री गरिदिने यिनै पुनरावेदक प्रतिवादी चरण सिँह थापा भन्ने चरण

सिँह थापा क्षेत्री हुन् भनी सनाखत समेत गरिदिएको देखिन्छ । अतः यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीले आरोपित कसूर गरेका होइनन् भन्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं. ०६४-CR–०६३३, लागू औषध खैरो हेरोइन, *नेपाल सरकार वि. सञ्जयकुमार पाठक*

प्रतिवादीको मृत्यु समेत भइसकेको देखिन आएको अवस्था हुँदा प्रतिवादीलाई थप सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर विचारणीय हुन आएको छ । मुलुकी ऐन अदालती बन्दोवस्तको १७६ नं. मा गैह्र मुद्दामा अभियोग लागेको र फैसला नहुँदै मऱ्यो भने सो मर्नेलाई खतबात लाग्दैन भन्ने कानूनी व्यवस्था रहेको छ । सो व्यवस्थाअनुसार मृतक प्रतिवादी सञ्जयकुमार पाठकको हकमा प्रस्तुत मुद्दाबाट न्याय निरोपण हुने अवस्था देखिएन । तसर्थ निजका हकमा प्रस्तुत मुद्दाको लगत कट्टा हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं. ०६४-CR–६३४, ०६३६, लागू औषध (खैरो हेरोइन), *चरण सिँह थापा क्षेत्री वि.नेपाल सरकार, नेपाल सरकार वि. चरण सिंह क्षेत्री समेत*

लागू औषध नियन्त्रण ऐन, २०३३ लागू औषधको उत्पादन खरीद बिक्री, सञ्चय, ओसार पसार तथा सेवनलाई नियन्त्रण गर्ने उद्देश्यले बर्हिक्षेत्रीय प्रयोगसहित जारी भएको विशेष ऐन हो भन्ने कुरा उक्त ऐनको प्रस्तावनाबाट स्पष्ट हुन्छ विशेष ऐनमा लेखिए जति कुरामा सोहीबमोजिम गर्नुपर्छ भन्ने मुलुकी ऐन, २०३३ प्रारम्भिक कथनको ४ नं. मा कानूनी व्यवस्था रहेको छ । तसर्थ लागू औषध नियन्त्रण ऐन, विशेष कानून भएकोले बरामदी मुचुल्का खडा गर्दा मुलुकी ऐन अ.वं. १७२ नं अनुसार स्थानीय निकायका प्रतिनिधि रोहबरमा राख्नै पर्दछ भन्ने वाध्यता नदेखिने ।

लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ८ को प्रतिवन्धात्मक वाक्यांशअनुसार प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक गरी दुई जना प्रहरी कर्मचारीहरूको रोहबरमा तयार भएको बरामदी मुचुल्का कानूनअनुरूप नै तयार भएको देखिन आएबाट प्रतिवादीलाई दावीबमोजिम सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री प्रकाश वस्ती,** २०६२ सालको विविध नं. १४३, अदालतको अपहेलना, *प्रकाशबहादुर साउद वि. डिभिजन सडक कार्यालय, दिपायल समेत*

लगत संकलनको कार्यले सम्मानीत अदालतको आदेश कार्यान्वयन गर्न सघाउ पुऱ्याउने हुँदा सदाशयता राखी गरिएको उक्त कार्यबाट अदालतको अपहेलना भएको छैन भन्ने उल्लेख भएको पाइन्छ । विपक्षीको उक्त व्यहोराबाट पुनरावेदन अदालत दिपायलको मिति २०५९।९।९ को आदेशको कार्यान्वयन गर्ने सिलसिलामा नै सडक सीमाभित्र परेका घरजग्गाको लगत संकलन गर्ने कार्य प्रारम्भ आदेशको कार्यान्वयन गर्ने सिलसिलामा प्रारम्भ गरिएको लगत संकलनसम्बन्धी विपक्षीहरूको कार्यबाट पुनरावेदन अदालत दिपायलको आदेशको अवज्ञा भएको नदेखिने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९२३९, परमादेशयुक्त निषेधाज्ञा, *नेपाल सरकार वि. कालीप्रसाद भट्ट समेत*

निवेदकहरूको घरजग्गा सरकारले अधिग्रहण गर्नुपर्दा कानूनबमोजिमको प्रक्रिया पूरा गरी दिनुपर्ने मुआब्जा तथा क्षतिपूर्ति समेत दिएर मात्र अधिग्रहण गरी विवादित जग्गाबाट घर टहरा हटाउने आदेश जारी गर्नुपर्नेमा विपक्षीबाट सो भए गरेको नदेखिँदा निवेदकहरूको नाम दर्ताका घर जग्गा अधिग्रहण गरी जग्गा प्राप्ति ऐन, २०३४ तथा सार्वजनिक सडक ऐन, २०३१ अनुसार दिनुपर्ने मुआब्जा तथा क्षतिपूर्ति नदिएसम्म निवेदकहरूको घर हटाई सडक निर्माण तथा विस्तार गर्ने कार्य नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९४७६, रै.प. जग्गा दर्ता हक कायम, *पुरूषोत्तम भण्डारी वि. प्रद्युम्नलाल राजभण्डारी समेत*

विवादित जग्गाको फिल्डबुक उतार हेर्दा यो जग्गा साइला काजीको नाउँमा छ । मैले कुतमा कमाई आएको छु भनी मोहीले नापी गराएको देखिन्छ । वादी बालकुमारी भण्डारीले पेश गरेको जोताहाको अस्थायी निस्सामा दावीको जग्गाको जग्गाधनी साहिलाकाजी श्रेष्ठ भनी लेखिएको हुँदा प्रतिवादीहरूका बाबु बाजे कृष्णलाल राजभण्डारी निज साइलाकाजी श्रेष्ठ हुन सक्तैनन् भन्ने पुनरावेदक वादीको जिकीर रहेको छ । तर प्रतिवादीहरूले आफ्नो हकको साविक लगत पेश गरी फिल्डबुकमा लेखिएका साहिला काजी हाम्रा बाबु तथा बाजे कृष्णलाल राजभण्डारी हुन् भनी पुस्तावाली समेत खुलाई नगरपालिकाको सिफारिश समेत पेश गरेको देखिएबाट फिल्डबुकमा लेखिएका साहिला काजी प्रतिवादीहरूका बाबु बाजे कृष्णलाल राजभण्डारी होइनन् भन्ने वादीको जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ९४७५, हक कायम, *यिनै वादी प्रतिवादी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९३२१, गाउँ ब्लक जग्गाको लगत कायम, *कमलनारायण मण्डल समेत वि. जुवावती यादवनी समेत*

मालपोत ऐन, २०३४ को दफा ३१ को प्रतिवन्धात्मक वाक्यांशमा मालपोत कार्यलयले हक बेहकसम्बन्धी प्रश्न उठाई अदालतबाट निर्णय गर्नु पर्ने नगरी गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छैन भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार मालपोत कार्यालय सप्तरीले हक कायममा सुनाएको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न नसक्ने देखिएको हुँदा पुनरावेदन क्षेत्राधिकारको अभावमा खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटर विश्वराज पोखरेल

इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९३६२, जग्गा दर्ता, *मोलिम मियाँ वि. प्रकाश नेपाल*

विवादको जग्गा गुठी वा रैकर के हो भन्ने प्रश्नको निर्क्योल गरी विवादको विषयमा निर्णय गर्नु पर्नेमा पुनरावेदन अदालतबाट सो प्रश्नमा विचार गरिएको देखिएन । उल्लिखित प्रश्नमा विवेचना नगरेको पुनरावेदन अदालतको फैसलामा अ.वं १९२ नं. समेतको त्रुटि विद्यमान भएको देखिँदा सो फैसला बदर गरी विवादित जग्गा मौजे सैनी मैनी रै.नं. २७ पिण्डेश्वर गुठीअन्तर्गत वा प्राष्टोकी कालाबञ्जार मौजा रै.नं. ३६२ अन्तर्गत पर्ने गुठी वा

रैकर के हो भन्ने प्रश्नमा विवेचना गरी जे जो बुझ्नु पर्ने बुझी कानूनबमोजिम निर्णय गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी मिसिल पुनरावेदन अदालत बिराटनगरमा पठाइदिने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

## इजलास नं ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६४ सालको दे.पु.नं. ११८०, अंश, *गोविन्दप्रसाद बाहुन समेत वि खैली बाहुनी*

तेस्रो व्यक्तिबाट सम्पत्ति प्राप्त गरेको नभै एकासगोलकै एक अंशियारको नाममा रहेको सगोलको सम्पत्ति अर्को अंशियारको नाममा बकसपत्रको माध्यमबाट सार्दैमा स्वआर्जनको वण्डा नलाग्ने भनी अर्थ गर्न नमिल्ने भै निजी आर्जन गरी वण्डा नलाग्ने भनी ठोस प्रमाण गुजारी प्रमाणित गर्न नसकेको अवस्था विद्यमान हुँदा वण्डा लाग्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३-WO-०५३६, उत्प्रेषण, *प्रकाश दाहाल वि. पूर्वाञ्चल ग्रामीण विकास बैंक लि. समेत*

जुन विज्ञापनको कारवाही रोकी पाऊँ भनी दावी लिई निवेदन परेको हो सो विज्ञापन बमोजिमको बढुवाको प्रक्रिया सम्पन्न भई बढुवा समेत भइसकेको अवस्थामा निवेदकको निवेदन जिकीरको औचित्य नै समाप्त भइसकेको देखिँदा त्यसतर्फ अब विचार गरिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत नारायणप्रसाद दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट निवेदन नं. WO-०५५०, परमादेश, *लामचा महर्जन वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

आफूसमक्ष आएको विवादको बुझ्नु पर्ने प्रमाण र पूरा गर्नुपर्ने प्रक्रिया पूरा गरी निर्णय गर्न पाउने अधिकारी वा निकायले मनासिवमाफिकको समयमा निर्णय गरी कर्तव्य पूरा गर्नुपर्दछ । आफूसमक्ष आएको जिम्मेवारीलाई कानूनबमोजिम समयमा नै सबै निकाय र पदाधिकारीले पूरा गर्नु नै कानूनको शासनको मूल मर्म पनि हो । यो वा त्यो भनी वहाना सिर्जना गरी कामलाई अलमल्याई रहन हुँदैन । तसर्थ प्रस्तुत निवेदन मागबमोजिमको कि.नं. ३६ र ३८ का जग्गाको सम्बन्धमा जे जो बुझ्नु पर्ने हो बुझी उचित प्रक्रिया अवलम्बन गरी छिटो कानूनबमोजिम निर्णय गर्नु गराउनु भनी गुठी संस्थान कार्यालय समेतका विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः चुरामान खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन १४ गते रोज ६ शुभम्

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ३६६९, ३७६६, कर्तव्य ज्यान, *सुनीलकुमार राना समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सुनीलकुमार राना समेत*

प्रतिवादी स्वयंले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष उपस्थित भई वयान कागज गर्दा घटनास्थलमा उपस्थित भई मृतकलाई लठ्ठीले नाडीमा प्रहार गरेको र बाँधछाँद गरी भाग्न उम्कन नदिएकोमा सावित रही वयान गरेको देखिन्छ । सुनीलकुमार रानाले मृतकलाई कुटपीट गरिरहेको अवस्था निजलाई बचाउन कुनै प्रयास नगरी उल्टै आफू समेतले कुटपीट गरी घाइते अवस्थामा

उपचार गर्न समेत नलागी डोरीले बाँधछाँद गरी मृतकलाई मार्ने कार्यमा सुनीलकुमार रानालाई सहयोग गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादी गणेशबहादुर कार्कीको कार्यले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(३) नं. बमोजिमको अपराध गरेको देखिने ।

प्रतिवादीहरूमध्ये दिलकुमारी गुरूङ्ग, सुकबहादुर गुरूङ्ग, भीमबहादुर हिस्की मगरउपर किटानी पोल उजूर परेको पाइँदैन । निजहरूले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतमा उपस्थित भई वयान गर्दा पनि मृतकलाई कुटपीट गरेमा इन्कार रही वयान गरेको देखिन्छ । मौकामा कागज गर्ने व्यक्ति कसैले पनि यी प्रतिवादीहरूले मृतकलाई कुटपीट गरेको वा गर्न सहयोग गरेको भनी लेखाउन सकेको पाइँदैन । प्रतिवादी सुकबहादुर गुरूङ्गले बाँधछाँद गर्दा खुट्टा समाएको भनी मौकामा वयान कागज गरे पनि अदालतमा सो कार्य गरेमा पूर्णतः इन्कार रहेको देखिन्छ । अन्य व्यक्तिको कागज, सहअभियुक्तको वयान समेतबाट सो कुरा समर्थित भएको छैन । वादी पक्षले कुनै तथ्यपूर्ण र ठोस प्रमाणबाट सो कुरालाई पुष्टि गर्न सकेको पनि पाइँदैन । वादी पक्षले अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । त्यसलाई सबूद प्रमाणबाट पुष्टि गर्न सक्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल पुस २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०४१०, उत्प्रेषणयुक्त प्रतिषेध, *डा. धर्मराज श्रेष्ठ वि. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

**मा.न्या.श्री रामकुमारप्राद शाहको रायः**

सहमतिबमोजिम स्वास्थ्य उपकरणहरू बुद्ध प्रतिष्ठान पोखराको हकको देखिए पनि डा. धर्मराज श्रेष्ठ अध्यक्ष रहेको (Possession) मा रहेको छ भने र निजको Possession यदि कानूनप्रतिकूल हो भने स्वामित्व हुनेलाई बुझाउन सकिने हुन्छ । तर स्वामित्वबाहेकका प्रत्यर्थी बुद्ध सामुदायिक अस्पताललाई जिम्मा लगाउने कार्यबाट कानूनबमोजिम तत्काल कब्जामा रहेका निवेदकको दायित्वमा प्रतिकूल असर पर्ने निर्विवाद छ । साथै उक्त स्वास्थ्य उपकरण कुनै अन्य निकायलाई दिने भन्ने मन्त्रालयको कार्य अधिकारक्षेत्रविहीन रहेको स्पष्ट छ । यस्तो अधिकारक्षेत्रविहीन मन्त्रालयको २०६४।६।२९ को निर्णय र पत्र तथा सोलाई कार्यान्वयन गराउने प्रमुख जिल्ला अधिकारीको २०६४।७।१४ को पत्र र तत्सम्बन्धी सम्पूर्ण कार्य समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

**मा.न्या.श्री भरतराज उप्रेतीको रायः**

प्रचलित कानूनअनुसार उपचार प्राप्त गर्न सक्ने वैकल्पिक उपचारको बाटो छँदाछँदै आफ्नो स्वामित्वमा नै नआएको विदेशी दाताले अनुदानस्वरूप बुद्ध फाउण्डेशन पोखराको लागि भनी दिएको सम्पत्तिका सम्बन्धमा निवेदकले सम्पत्तिसम्बन्धी प्रदत्त मौलिक हक हनन् भयो भनी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०६४।६।२९ को निर्णय बदर गराउन यस अदालतको असाधारण अधिकार क्षेत्र आकर्षित हुन सक्ने अवस्था नदेखिएको र बुद्ध प्रतिष्ठान पोखराको सम्पत्तिबाट उनाउ व्यक्ति यी रिट निवेदकको संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने स्थितिको अनुमान समेत गर्न नसकिने । माननीय न्यायाधीश रामकुमार प्रसाद शाहको रायसँग सहमत नभएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलाससमक्ष पेश गर्ने ।

इजलास अधिकृत श्रीप्रसाद सञ्जेल

इति संवत् २०६६ साल चैत ६ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०४२५, उत्प्रेषण, *डा. धर्मराज श्रेष्ठ वि. सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

बढीमा ६ महिनाको लागि भनी स्पष्ट रूपमा समय किटान गरी मिति २०६४।२।२१ को जिल्ला प्रशासन कार्यालय कास्कीको पत्रबाट रोक्का रहेको र सो ६ महिनापश्चात् थप अवधिसम्म रोक्का राख्ने कुनै कार्य उक्त कार्यालय वा अन्य कुनै सरकारी अड्डा अदालतबाट भए गरेको नदेखिएको तथा रोक्का राख्ने उक्त कार्यालयबाट फुकुवा गर्नु समेत भनी लेखी गई सकेको समेत देखिएकोले रोक्का क्रियाशील नरही स्वतः रोक्का फुकुवा हुने अवस्थामा मागबमोजिम रिट जारी गर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत श्रीप्रसाद संजेल

इति संवत् २०६६ साल चैत ६ गते रोज ६ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको रिट नं २९००, उत्प्रेषण परमादेश, *राजेन्द्रकुमार लावती वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

कानूनी प्रक्रिया अपनाई नापी विभागले निवेदकलाई नोकरीबाट हटाउने निर्णय गरेको र नापी विभागको सो निर्णय प्रशासकीय अदालतबाट परीक्षण भई सकेको अवस्थामा सोही विषयमा प्रस्तुत रिट दायर भएको देखियो । साधारण कानूनी बाटोबाट अन्तिम भएको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने र नापी विभाग एवं प्रशासकीय अदालतको काम कारवाही समेतबाट निवेदकको पेशा रोजगार गर्न पाउने हक अधिकार उपर बन्देज लागेको स्थिति नहुँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल कात्तिक २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. २२६, अंश नामसारी, झारखण्डी केवट समेत वि. अकाली केवटिन समेत

मिलापत्रबाट टुङ्गो लागेको नाता सम्बन्धको विषयमा पछि खडा गरेको प्रमाणले प्रतिवादीहरूसँगको नाता पुनः कायम गर्न सक्ने स्थिति देखिएन । यी पुनरावेदक वादीहरूको पति पितासँगको नाताको हकमा विवाद नभई निजबाटै यी वादीहरूले कानूनबमोजिम अंश माग गरी पाउन सक्ने अवस्था देखिँदा पति पिताले नै मिलापत्र गरी नाता पर्दैन भनी गरेको मिलापत्र समेत अन्तिम भएको अवस्थामा सो मिलापत्रले नाता पर्दैन भनेका प्रस्तुत मुद्दाका प्रत्यर्थीहरूलाई विपक्षी बनाई दिएको यी पुनरावेदकको वादी दावीलाई कानूनसंगत मान्न नसकिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल पुस २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४–CI-०६५४, घर जग्गा खिचोला चलन, *हरिशंकर राउत अहिर वि. भोट राउत अहिर समेत*

दावीको जग्गाको क्षेत्रफल एवं भै आएको नाप नक्सा मुचुल्का र नक्सा ट्रेस समेतबाट झगडा जनिएको न.नं. ५ को जग्गा वादीको भन्ने कुरामा विवाद नदेखिँदा उक्त जग्गालाई प्रतिवादीले मेरो हो भनी जिकीर लिई नक्सा मुचुल्का समेतबाट सो जग्गा प्रतिवादीले नै भोग गरेको देखिँदा न.नं. ५ को जग्गामा प्रतिवादीले खिचोला गरेकै देखिने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं.०६८५, परमादेश, *धर्ममान बज्राचार्य वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

निवेदकउपर भएको विभागीय कारवाही पुनरावेदन सुन्ने निकायबाट परीक्षण नभई हाल सो निकायमा विचाराधीन अवस्थामा नै रहेकोले

पुनरावेदन सुन्ने अधिकारीसमक्ष विचाराधीन बिषयमा परमादेशको रोहबाट बोल्न नमिल्ने ।

आफूसमक्ष परेको पुनरावेदनमा जो जे बुझ्नु पर्दछ बुझी यथाशीघ्र निर्णय गर्नुपर्ने देखिँदा सो पुनरावेदनमा शीघ्र कानूनबमोजिम निर्णय गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३-FC–०५८४, सेवाबाट हटाउने निर्णय बदर गरी पुनर्बहाली गरिपाऊँ, *अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. धर्ममान बज्राचार्य*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा अख्तियारवालाको अधिकार प्रयोग गरी सजाय नै किटान गरी कारवाही गर्न सक्ने अधिकार आयोगलाई नभएको अवस्थामा प्रतिवादीलाई नोकरीबाट हटाउनु र रकम असूल उपर गर्नु भनी सजाय नै किटान गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६२।१।१५ को गैरकानूनी निर्णय बदर गरी भएको विशेष अदालत काठमाडौंको फैसलामा कुनै त्रुटि नदेखिँदा सो फैसला सदर हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ WO ००३२, प्रतिषेध, *यादवकुमार थापा समेत वि. गृह मन्त्रालय समेत*

कानूनबमोजिम अधिकार नै नभएको विषयमा गृह मन्त्रालयले कारवाही गर्न आदेश दिएको र सो आदेशअनुसार धनमाल फिर्ता दिलाउने लगायतका काम कारवाही गर्न प्रहरीलाई अधिकार भएको देखिँदैन । कानूनबमोजिम गर्न नमिल्ने काम कारवाही गर्न गृह मन्त्रालयको आदेश भई सो आदेशबमोजिम कारवाही प्रक्रिया अघि बढेको देखिएकाले प्रचलित कानूनप्रतिकूल अधिकारक्षेत्रविहीन लुटपीटको विषयमा कारवाही किनारा गर्ने गरी कुनै कार्य नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूको नाममा प्रतिषेधको आदेश जारी हुने ।

इजलास अधिकृतः उद्धव गजुरेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल फागुन २८ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ८००७, अंश दर्ता, *देवकी राउत अहिर वि. नन्दु राउत अहिर समेत*

एकै व्यक्तिले अंशीलाई छलेर लगातार ६/७ वटा वकसपत्र पाएको सम्पत्तिको यथार्थ मूल्य खुलाई मालपोत कार्यालयबाट बकसपत्र पास गरी लिएको र निजी आर्जनबाट खरीद गर्नसक्ने आफ्नो आर्थिक हैसियत खुलाउन नसकेको अवस्थामा वादीले अश छुट्याई लिन पाउने ठहर गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालतको फैसला नमिलेकोले केही उल्टी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल पुस २० गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०५९ सालको फौ.पु.नं. २८३७, जालसाजी, देवकी राउत अहिर वि. नन्दु राउत अहिर समेत,
- २०५९ सालको फौ.पु.नं. २८३८, जालसाजी, देवकी राउत अहिर वि. नन्दु राउत अहिर समेत
- २०५९ सालको फौ.पु.नं. २८३९, जालसाजी, *देवकी राउत अहिर वि. नन्दु राउत अहिर. समेत,*

- २०५९ सालको फौ.पु.नं.२८४०, जालसाजी, *देवकी राउत अहिर वि. नन्दु राउत अहिर समेत*
- २०५९ सालको फौ.पु.नं. २८४१ जालसाजी, *देवकी राउत अहिर वि. नन्दु राउत अहिर समेत,*
- २०५९ सालको रि.नं. ३६७५, उत्प्रेषण समेत, *देवकी राउत अहिर वि. पुनरावेदन अदालत हेटौंडा समेत,*
- २०५९ सालको फौं.पु.नं. ३३१५, जालसाजी, *देवकी राउत अहिर वि. सुइटी अहिरनी समेत,*
- २०५९ सालको फौ.वि.नं. १३६, अदालतको अपहेलना, *देवकी राउत अहिर वि. नन्दु राउत अहिर समेत*

२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको फौ.पु.नं. ०२६०, लागू औषध (खैरो हिरोइन), *नेपाल सरकार वि. धीरेन्द्रप्रसाद यादव*

प्रतिवादी धीरेन्द्रप्रसाद यादवले मौकामा र अदालत समेतमा बयान गर्दा बरामद भएको लागू औषध प्रतिवादी सुधीर राईबाट रू. १,०००।- मा आफैंले सेवन गर्ने प्रयोजनार्थ खरीद गरेको भनी वयान गरेको देखिन्छ । निज प्रतिवादी धीरेन्द्र यादवले उक्त लागू औषध आफैले सेवन गर्ने नगरी निजले अन्य व्यक्तिहरूलाई बिक्री वितरण समेत गर्ने गरेको भन्ने कुरा पुष्टि हुने शंकारहित ठोस सबूद प्रमााण वादी पक्षले गुजार्न सकेको मिसिलबाट देखिएन । यस्तो अवस्थामा प्रतिवादी धीरेन्द्रप्रसाद यादवले लागू औषध खैरो हिरोइन सेवन गर्ने गरेको ठहर्ने भै निजलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम ८ महिना १५ दिन कैद र रू.५,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ११९७, जग्गा खिचोला चलन, *ठकनीवती यादव वि. जयलाल साहू तेली*

पुनरावेदन अदालत राजबिराजबाट मिति २०५६।१०।९ मा फैसला भएउपर प्रतिवादी जयलाल साहू समेतको यसै अदालतमा पुनरावेदन परेकोमा यस अदालतबाट मिति २०६४।२।३ मा पुनरावेदन अदालतको फैसला सदर हुने गरी फैसला भैसकेपश्चात् मात्र मिति २०६४।३।१४ मा यी पुनरावेदक वादीको प्रस्तुत पुनरावेदन परेको समेत देखिँदा शुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी मिति २०४९।३।२० को नक्सा मुचुल्काको न.नं. ८ को ज.वि. ०-०-११ मध्ये दक्षिणतर्फबाट ०-०-१० जग्गा मात्र प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ०२६१, धर्मपुत्र लिखत बदर, *कृष्णप्रसाद चौधरी वि. सुकुमारीदेवी थरूनी समेत*

मिति २०४६।१।२८ मा पारित भएको धर्मपुत्रको लिखत बदर गरिपाऊँ भनी मिति २०६३।२।४ मा फिराद दायर भएको समेत देखिँदा दावीबमोजिम हुने न भै हदम्याद र हकदैयाको आधारमा फिराद खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ६३६, सार्वजनिक बाटो कायम गरी निकास खोली पाऊँ, *बसुन्धरा भण्डारी समेत वि. श्री ब्रम्हबाबा प्रा.वि. समेत*

पुनरावेदक वादीहरूको जग्गादेखि उत्तर पूर्वतर्फको बाटो, बाटोदेखि उत्तरतर्फको प्रतिवादी विद्यालयले आफ्नो भोगको जग्गाको दक्षिणतर्फको बाटो भन्ने उल्लेख भई आएको देखिँदा प्रतिवादी ध्रुबकुमार परियारले सम्म ०-०-७ धुर जग्गा खिचोला गरेको ठहऱ्याएकोमा उक्त शुरू फैसलालाई केही उल्टी गरी न.नं. ११ र ११/१ को ०-०-१४१/४ जग्गा प्रतिवादी ध्रुबकुमार परियारले खिचोला गरेको ठहऱ्याई सो सार्वजनिक बाटोको जग्गामा दावीबमोजिम निकास खोली दिनु पर्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको फौ.पु.नं.०३१४, डाँका, *नेपाल सरकार वि. भेषराज पराजुली समेत*

पक्राउ परेका र फरार रहेका प्रतिवादीहरू समेत गरी ५ जनाभन्दा कम व्यक्तिहरूले जाहेरवालाको घर कम्पाउण्डमा पसी घरभित्रको मानिस बाहिर निस्कन नपाउने गरी घरका मानिसहरूलाई डर त्रासमा पारी जबरजस्ती चोरीका तरहले चोरी गरेको देखिँदा प्रस्तुत वारदातलाई चोरीको महलको ४ नं. को कसूर ठहऱ्याई ऐ. १४(२) नं बमोजिम प्रतिवादीहरू भेषराज पराजुली, आमोद बुढाथोकी र मीनकुमार राईलाई जनही १ महिना १५ दिन कैद र बिगो रू.२,५१,७००।-को डेढीले हुने रू.३,७७,५५०।- सजाय हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

## इजलास नं ८

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको विविध नं. ९६, अपहेलना, *सविना कुँवर वि. का.म.न.पा. को कार्यालय समेत*

एउटा अधिकार प्राप्त निकायले कानूनबमोजिम आफ्नो अधिकारको प्रयोग गरी कारवाही गरेबाट यस अदालतको २०६१।८।१० को आदेशको अवज्ञा भयो भनी गलत अर्थ लगाई प्रस्तुत निवेदन परेको देखिँदा विपक्षीहरूलाई अपहेलनामा सजाय गरिपाऊँ भन्ने निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६६-CI–०१२४, लिलाम कित्ताकाट दा.खा.दर्ता बदर गरिपाऊँ, *बाबु सिंह सरदार समेत वि. काशिराम कुर्मी*

विवादित कि.नं. ८७ को जग्गा तत्काल जसको नाममा दर्ता स्रेस्ताहरू छन्, उही व्यक्ति वैध स्वामित्ववाला (Legitimate Owner) हो भनी मान्नु पर्ने हुन्छ । यद्यपि एक पटक अंश मुद्दाको फैसला कार्यान्वयन नगराउँदैमा कसैको अंश हक समाप्त हुँदैन । कानूनबमोजिम आफ्नो अंश भाग छुट्याई लिन पाउने अवस्था रही नै रहन्छ । तर त्यसरी अंश हकबापत छुट्याएर कुनै अंशियारको नाममा दर्ता स्रेस्ता कायम भै नसक्दासम्म सो सम्पत्तिको दर्तावाला नै वैध स्वामित्ववाला हुन्छ । यस्तो व्यक्तिसँगको व्यवहार वा निजले लिएको ऋण विगोबापत लिलाममा सकार गरी लिएको भए लिनेको पनि त्यस्तो सम्पत्तिमा वैध स्वामित्व (Legal Ownership) कायम हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६-CR–०१३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रेशमबहादुर कुँवर समेत*

मृतकको मोटरसाइकलले ठक्कर दिएको भन्ने विवाद र मृतक प्रहरीको सि.आई डि. भन्ने हल्लाका बीच कुटपीट हुँदा स्थिति अनियन्त्रित हुन गएको र मृतकको निधन हुन पुगेको देखिँदा यस्तो वारदातमा मनसायपूर्वक गरिएको हत्यासरह प्रतिवादीलाई कर्तव्य ज्यानको वारदातमा सर्वस्वसहित जन्मकैदको सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकीर मनासिव देखिन आएन । प्रतिवादीहरू वारदातमा उपस्थितै नभएको भन्ने हरिलाल चौधरी समेतका प्रतिवादीहरूको पुनरावेदन जिकीर पनि पुष्टि भएको नपाइँदा पुनरावेदन अदालतबाट प्रतिवादीहरू मध्येका रेशमबहादुर कुँवर, हरिलाल चौधरी, जगलाल चौधरी, कृष्ण चौधरी, श्यामलाल चौधरी, टीकाराम चौधरी, विकास भन्ने स्याने चौधरी, रिसमान चौधरी, टीकालाल चौधरी, भीमबहादुर चौधरी, कृष्णलाल चौधरी समेत जना ११ को हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५/६(२) बमोजिम जनही २ वर्ष कैद हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरूङ

इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६६-FC–०६१८, फैसला, वण्डा मुचुल्का बदर, *रामप्यारे लोनिया समेत वि. पशुपति लोनिया*

वादीहरू प्रतिवादीहरूसँग एकासगोलको अंशियार भएको भए मिति २०५२।१।६ देखि करीव ७ वर्षसम्म अंश मुद्दा चली अदालतबाट अंशवण्डा हुने गरी फैसला भई सगोलको सम्पत्ति वण्डा हुने गरी वण्डा मुचुल्का हुँदासम्म एकासगोलको अंशियारले कुनै न कुनै रूपमा थाहा जानकारी पाउनु पर्ने वाध्यात्मक अवस्था रहन्छ । तर उक्त मुद्दा चली सम्पत्ति वण्डा हुँदासम्म केही थाहा जानकारी पाइन भन्ने वादी दावी विश्वसनीय र सत्य तथ्यमा आधारित देखिएन । पुस्तावारी नै प्रतिवादीहरूसँग नमिलेको र अंशियार नै कायम हुन नसकेको अवस्थामा अंश पाउने अवस्था नरहने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६५-CI–०५०९, जग्गा खिचोला, *परमात्माप्रसाद बाहुन वि. पवनकुमारी बाहुनी समेत*

गाउँ ब्लकको घडेरी जग्गा भएपनि त्यसको भोग र स्वामित्वसम्बन्धी अभिलेख स्थानीय निकायमा हुने रहने गर्दछ । आफ्नो भोग रहेको देखाउने धारा बिजुली रहे भएको वा सो घर वा जग्गा आफूले प्रयोग गरेको देखाउने यस्तै अन्य अनेक प्रमाण हुन सक्छन् । तर वादीले आफ्नो दावीको पुष्ट्याइका लागि त्यस्तो कुनै पनि प्रमाण पेश दाखिल गर्न सकेको पाइदैन । यस्तो अवस्थामा वादीले दावी गर्दैमा सो जग्गामा वादीको स्वामित्व वा विवादरहित चीर भोग कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ साको दे.पु.नं. ०१६८, निर्णय बदर, *गुठी संस्थान के.का. समेत वि. मधुसुदन दर्शनधारी*

वादी दावीबमोजिम बाघभैरव गुठी लगत अन्तर्गतको का.जि. लायकु वार्ड नं. ४ कि.नं. २०३, २४०, २७४, १५५, २५०, २४९, २७९, २७५, २७३ ऐ. कलंकी गा.वि.स. वार्ड नं. ८ कि.नं. ३६ समेतको जग्गामा नरसिँह कपालीले प्राप्त गरी सकेको मोहियानी हक निजको मृत्युपश्चात् निजका एकमात्र छोरा वादीको नाउँमा कायम हुने नै देखिएकोले दावीबमोजिम मोहियानी हक कायम हुने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको साधक नं (RC) ००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राम अशिष राउत कुर्मी,* २०६६–FN-००१४, पुनरावेदन सरहको निवेदन, *दयाराम राउत कुर्मी वि. नेपाल सरकार*

वारदातका बारेमा प्रत्यक्ष रूपमा थाहा पाउने मृतकका बाबु शिवजी राउत र आमा जाहेरवाली बासमती देवीले यी प्रतिवादी समेतको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भनी लेखाई दिएको समेतका मिसिल संलग्न सबूद प्रमाणबाट यी प्रतिवादीको प्रत्यक्ष संलग्नताबाट मृतकको मृत्यु भएको देखियो । अतः प्रतिवादी रामअशिष राउत कुर्मी समेतको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने किटानी जाहेरी दरखास्तलाई उल्लिखित आधार प्रमाणहरूले खम्बीर गरेको देखिँदा प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिन नमिली अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६६ साल मंसिर ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९१६०, जग्गा नामसारी दर्ता, *हेराकाजी प्रजापती महर्जन वि. सुवर्णरत्न बज्राचार्य*

कुनै निर्णय त्रुटिपूर्ण छ भनी बदरको जिकीर लिने पक्षले प्रचलित कानूनबमोजिम पुनरावेदन दिनसक्ने नै हुन्छ । तर भएको निर्णयउपर पुनरावेदन लाग्न सक्ने हो, होइन कुन कानूनबमोजिम पुनरावेदन लाग्ने हो र हदम्याद र हकदैया छ, छैन भन्ने जस्ता आधारभूत प्रश्नहरूलाई यकीन गरी पुनरावेदनपत्र दर्ता गर्नुपर्ने हुन्छ । साथै पुनरावेदन सुन्ने निकायले समेत कुन कानूनले दिएको अधिकारअन्तर्गत पुनरावेदनपत्र दर्ता हुने हो भन्ने कुरालाई यकीन गरी पुनरावेदन दर्ता गर्नुपर्दछ । कानूनबमोजिम पुनरावेदन गर्ने म्याद नघाई वा पुनरावेदन दर्ता हुने कानूनी व्यवस्थाको अभावमा परेको पुनरावेदनमा भएको फैसला कायम रहन सक्दैन । प्रस्तुत विवादमा समेत बिर्ता उन्मूलन ऐनबमोजिम जोताहा मोहीका नाउँमा जग्गा रैकरमा परिणत गर्ने गरी मालपोत कार्यालयबाट भएको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था नभएको अवस्थामा सोही निर्णयउपर परेको पुनरावेदन एवं त्यस्तो गैरकानूनी पुनरावेदन पत्रमा सुनुवाई गरी भएको फैसलाले कानूनी हैसियत राख्न नसक्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

४

**मा.न्या श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.न..८९८२, दर्ता निर्णय बदर समेत, *मगरू मल्लाह वि. बिष्णुकुमारी विश्वकर्मा*

बिना कानूनी आधार जुनसुकै विषयमा पनि सम्पत्तिको हक जस्तो कुरामा प्रमाणको अवलोकनसम्म पनि नगरी न्यायिक निर्णय गर्न हुदैन । न्यायिक सुनिश्चितता कायम गर्नु नै अदालतको केन्द्रीकृत मूल लक्ष्य हो । समान कानूनी महत्वका दुई फैसला भएको स्थितिमा तिथि मितिको जेठो कान्छोले निर्णायक भूमिका खेल्न सक्दैन । मूल विषय सो फैसलाले व्यक्तिका अधिकारलाई कुण्ठित गरेको छ छैन भन्ने कानूनी सीमामा रहेर हेरिनु पर्ने हुँदा मगरू मल्लाहको नामको दर्ता बदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

कि.नं. ५१७ को उखडा लगतबाट यी वादीका पति लालबहादुरका दाता श्यामसुन्दरको नभई मगरू मल्लाहको देखिएको अवस्थामा हक नै नभएको कि.नं. ५१७ समेत उल्लेख गरी छोडपत्र गरिदिएको लिखतको नाताले उखडा मुद्दा जगाई

भएको फैसलाबाट यी वादीको हक स्थापित हुन नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६१ सालको दे.पु.नं. ८९८३, राजीनामा लिखत बदर, *मगरू मल्लाह वि. बिष्णुकुमारी विश्वकर्मा*, २०६१ सालको दे.पु.नं. ८९८५, *रामकृष्ण पाण्डे वि. विष्णुकुमारी विश्वकर्मा,*
- २०६१ सालको दे.पु.नं. ८९८६, फैसला दर्ता बदर, *मगरू मल्लाह वि. बिष्णुकुमारी विश्वकर्मा समेत,*
- २०६१ सालको दे.पु.नं. ८९८४, *रामकृष्ण पाण्डे वि. विष्णुकुमारी विश्वकर्मा समेत*

५

**मा.न्या. कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा**, २०६५-CI-०८०७, मोही नामसारी, *सत्यनारायण मानन्धर वि. ठुली तामाङ*

ऐन कानूनको परिधि र सीमामा रहेर निर्णय गर्नु न्याकर्ताको परिधिभित्र पर्दछ मनोगत व्याख्यानको स्थान हुँदैन । हक हनन् भएको देखिएमा हकको संरक्षण गर्नु त्यो न्याय हो तर वाक्छाल प्रयोग गरी मात्र निर्णय गर्नु त्यो अपयश हो । मोही नै कायम हुन नसकेको मूल व्यक्तिलाई निजको शेषपछि हक खाने हकदारमा जग्गा बाँडफाँड नगरेको र क्षतिपूर्ति नदिएको भन्ने कोरा तर्क लगाई जग्गावालाले नपत्याए पनि मोही नामसारी हुने भनी ठहर गरेको पुनरावेदन अदालतको फैसला कानून र प्रमाण तथा तथ्यमा आधारित नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः अम्बिका निरौला

इति संवत् २०६७ साल जेठ महिना ७ गते रोज ६ शुभम् ।

६

**मा.न्या. कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री गिरीशचन्द्र लाल,** ०६३-CI–११८२, जग्गा खिचोला चलन, *सुरेश राय यादव, वि. फेकु मण्डल धानुक*

मिति २०५८।११।३ मा भएको नक्सा मुचुल्कामा वादीको वारेस सोनेलाल राय रोहवरमा बसी सहीछाप गरेको देखिन्छ । नक्सा मुचुल्कामा चित्त नबुझी रोहवरमा बसेको वादीले मौकामा कुनै जिकीर लिएको साथै बदरका लागि अदालतमा निवेदन दिए, परेको समेत देखिँदैन । अदालतबाट दावी पुग्न नसक्ने गरी फैसला भएपश्चात् मात्र वेरीतपूर्वक नक्सा भएको भनी पुनरावेदकले जिकीर लिएकोमा सोही आधारमा मौकामा भएको उल्लिखित नक्सा मुचुल्कालाई प्रमाणमा ग्रहणयोग्य नरहेको भनी भन्न नमिल्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम्

## इजलास नं. १०

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको स.फौ.पु.नं. ३८३३, जबरजस्ती चोरी, *नेपाल सरकार वि. भक्तबहादुर घोरासैनी समेत*

प्रतिवादी नारायण क्षेत्रीउपर किटानी जाहेरी दरखास्त नपरेको, जाहेरी दरखास्तमा उल्लिखित मिति शंकास्पद किसिमले सच्याएको, प्रतिवादी नारायण क्षेत्रीले अदालतमा गरेको इन्कारी वयानलाई निजका साक्षीहरूको वकपत्रले पूर्ण रूपमा समर्थन गरेको एवं प्रतिवादी नारायण क्षेत्रीको साथबाट आरोपित कसूर पुष्ट्याइ हुने चोरीको कुनै पनि दशी बरामद नभएको समेत कारणबाट निज प्रतिवादीउपर लगाएको अभियोग दावी शकारहित तवरले पुष्टि हुन सकेको देखिएन । अतः प्रतिवादी नारायण क्षेत्री समेतले कसूर गरेको ठहर हुन नसकी सफाइ पाउने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

कम्प्युटरः सुदीप पंज्ञनी

इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ WO ०४२३, उत्प्रेषणयुक्त परमादेश, *मिथिलेशप्रसाद साह समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

प्रस्तुत रिट निवेदनमा कानूनबमोजिम योग्यता पुगेको मानी निवेदकहरूलाई सहायक चौथो तह अ.हे.व. पदबाट सहायक पाँचौं तहमा स्तरवृद्धि गरिसकेपछि ऐन नियमले व्यवस्था गरेअनुसारको स्तरवृद्धि भएको तहको पदनाम प्रदान गर्न कुनै कानूनले निषेध गरेको अवस्था नदेखिँदा निवेदकहरूलाई सि.अ.हे.व. पदनाम नदिने विपक्षीहरूको कार्य कानूनसम्मत नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ को अनुसूची ३ हेल्थ इन्सपेक्सन समूहअन्तर्गत सि.नं. ३२ मा उल्लिखित सहायक पाँचौं तहका लागि सि.अ.ह.व. पदनाम दिनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलराज बिष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ जेठ ९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३४२०, उत्प्रेषण समेत, *कमलकेशरी के.सी. वि.पवनकुमार के.सी. समेत*

निवेदिकाको नाउँमा कायम रहेको जग्गाको रोक्का फुकुवाको विषयलाई लिएर प्रस्तुत रिट निवेदन दायर भएको देखिएको र निवेदिकाको पति र बेखा महर्जनका बीच भएको करार बदरसम्बन्धी मुद्दाको रोहमा रोक्कासम्म राखी फैसला कार्यान्वयनको अवस्था यद्यपि बाँकी रहेकै देखिन्छ । फैसला कार्यान्वनका क्रममा रोक्का रहेको जग्गामा यी निवेदिकाको हक हिस्साका सम्बन्धमा यकीन गरी सोहीबमोजिम बिगो भराई गरिने हुँदा जग्गा रोक्का राखेकै आधारमा निवेदिकाको हक हनन् भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०८६५, करार बदर गरी क्षतिपूर्ति दिलाई पाऊँ *बेखा महर्जन वि. पवनकुमार के.सी,*. २०६६-CI-००८२, *पवनकुमार के.सी. वि. बेखा महर्जन*

कुनै एक व्यक्तिले अर्को व्यक्तिसँग कुनै सेवा वा वस्तु नगद प्राप्त गरेपछि निजले सोको मुनासिव मूल्य वा पारिश्रमिक त्यस्तो सेवा वा वस्तु वा नगद उपलब्ध गराउने व्यक्तिलाई भुक्तानी गर्नु पर्ने दायित्वको बारेमा नै करार ऐन, २०५६ को दफा ८५ को व्यवस्था सीमित छ गल्ती गर्नेले निर्दोष पक्षबाट नाजायज फाइदा (Unlawful Enrichment) लिन पाउन हुँदैन भन्ने मनसाय नै दफा ८५ मा गरिएको व्यवस्थाबाट देखिन्छ । प्रस्तुत विवादमा पुनरावेदक प्रतिवादीले जग्गाको मूल्य भनी रू.३०,००,०००।- बुझी लिएको र निजकै कारणले उक्त विवरण फरक परेको कारणले वा अन्य कारणले पुनरावेदक वादीले चाहेको जग्गाको स्वामित्व प्राप्त गर्न नसकेको अवस्थामा उक्त रू.३०,००,०००।- वादीले फिर्ता पाउन नसक्ने हो भने यस मुद्दाका पुनरावेदक प्रतिवादीले नाजायज फाइदा (Unlawful Enrichment) प्राप्त गर्नसक्ने स्थिति उत्पन्न हुने हुँदा उक्त रकम प्रतिवादीले पुनरावेदक वादीलाई भुक्तानी गर्नुपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको WO–०६६१, उत्प्रेषण समेत, *नन्दप्रसाद कडरिया वि. जिल्ला प्रहरी कार्यालय मोरङ समेत*

निवेदकउपर प्रत्यर्थीमध्येका धर्मदेव साह समेतले लेनदेन मुद्दा दायर गरी र यिनै निवेदकले पनि धर्मदेव साह समेत उपर करकाप मुद्दा दायर गरी मोरङ जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको मिसिलबाट देखिन्छ । यसरी लेनदेन मुद्दा र करकाप मुद्दा यिनै निवेदक र विपक्षी धर्मदेव साह समेतका बीच चली अदालतमा विचाराधीन रही रहेकोमा सो विषयको निरोपण उक्त मुद्दाहरूबाट नै हुने भएकोले मातहत अदालतमा विचाराधीन रहेको मुद्दामा हस्तक्षेप हुने गरी रिट क्षेत्रबाट आदेश गर्न नमिल्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल माघ २२ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.नं. ८४६५, परमादेश, *मुकुन्दकृष्ण श्रेष्ठ वि. भूमिसुधार कार्यालय भक्तपुर समेत*

निवेदकले आफ्नो व्यहोरामा उल्लेख गरेको जस्तो मोही बेदखली खिचोला हटाई पाऊँ भनी भूमिसुधार कार्यालय भक्तपुरमा मिति २०५७।९।१९ मा दिएको निवेदनमा हालसम्म कुनै कारवाही नगरी यतिको लामो अवधिसम्म यी निवेदकलाई तारेखमा नै राखी रहेको देखिन्छ । निवेदकको दावी पुग्न सक्ने हो, होइन ? आफूसमक्ष परेको निवेदन सम्बन्धमा जाँचबुझ गरी निर्णय दिने कार्य सम्बन्धित कार्यालयको भएकोमा विवाद छैन । विपक्षी बनाइएको भू.सु.का. ले सोबमोजिम नगरी निवेदकले दिएको उजूरी निवेदनमा हालसम्म टुङ्गो लगाएको नदेखिई निवेदक पक्ष तारेखमा नै रही रहेको अवस्था देखिएकोले कानूनको उचित प्रक्रिया अपनाई यथाशीघ्र निवेदकको निवेदन उजूरीमा कानूनबमोजिम टुङ्गो लगाई दिने भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल माघ ३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. २०६४-CR-०२९२, आयकर, *लल्लन जसगढ वि. आन्तरिक राजश्व कार्यालय बाँके*

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(क) को व्यवस्था एकद्वार समितिको निर्णयबाट प्रभावित हुने नहुने देखिएन । त्यसकारण राजस्व न्यायाधिकरण नेपालगञ्जले एकद्वार समितिबाट आयकर छूट दिने निर्णय नभएको भन्ने आधारमा पुनरावेदक नसिब भाँडा उद्योगबाट आ.व. २०५६।०५७ को खुद आयमा कायकर असूल गर्ने भनी आन्तरिक राजश्व कार्यालय नेपालगञ्जबाट भएको कर निर्धारण आदेश सदर गरेको फैसला औद्योगिक व्यवसाय ऐन, २०४९ को तत्कालीन दफा १५(क) को व्यवस्थाप्रतिकूल भै त्रुटिपूर्ण देखिँदा उल्टी भै पुनरावेदक नसिब भाँडा उद्योगलाई आयकर नलाग्ने ।

उपसचिवः नारायणप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारीः

इति संवत् २०६७ साल जेठ ३१ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको फौ.पु.नं. ०६४ CR ०२९१, आयकर, *लल्लन जसगढ वि. आन्तरिक राजश्व कार्यालय बाँके,*
- २०६४ सालको फौ.पु.नं. ०६४ CR ०२९३, आयकर, *लल्लन जसगढ वि. आन्तरिक राजश्व कार्यालय बाँके*

८

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ६६३, करारबमोजिम भाडा दिलाई जग्गा खाली गराई पाउँ, शशीन्द्र *श्रेष्ठ वि. प्रनाथ के.सी..*

जग्गाको बहालको सम्बन्धमा शुरू जिल्ला अदालतले बहाल गरी पाउने ठहर गरी फैसला गर्दा फिराद माग दावीभन्दा बढी भराई दिने गरी गरेको फैसलालाई पुनरावेदन अदालतले केही उल्टी गरी

फिराद दावीबमोजिम मिति २०६०।११।१३ सम्मको मात्र बहाल भरी पाउने गरी फैसला गरेको देखिएको र यी प्रत्यर्थीले उल्लिखित अवधिको जग्गा प्रयोग गरेबापत बहाल तिर्नु पर्ने निजको करारीय दायित्व निज स्वयंले गरेको करारबाट नै सिर्जना भएको देखिँदा पुनरावेदकको पुनरावेदन जिकीरलाई मनासिब मान्न नसकिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति सवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ३९८, दर्ता स्रेस्ता बदर, *गोमा गिरी वि. शशी सिलवाल*

मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई सामान्य त्रुटि सच्याउने वा दोहोरो दर्ताको प्रश्न भएको कुरासम्म सच्याउन पाउने अधिकार दिएको तर प्रस्तुत विवादमा सो नभै एक व्यक्तिको नाममा दर्ता भएको जग्गा अर्को व्यक्तिको नाममा कायम गर्ने गरी निर्णय भएको देखिँदा उक्त ऐनको दफा ७(३) भित्रको नदेखिएको हुँदा मालपोत कार्यालयको मिति २०६१।११।२१ को निर्णय बदर हुन्छ तसर्थ मा.पो.का.ले हक बेहकमा नालिस गर्न जानु भनी सुनाई दिनुपर्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ३२९, दृष्टि बन्धकी लेखी दिएको सम्पत्ति चलन, *हरिबहादुर राजथला वि. सावित्री नेपाल*

लेनदेन व्यवहारको १४ नं. ले भोग बन्धकी लिखत गर्दा १० वर्ष ननघाई भाखा राख्ने भनी समय तोकेको देखिन्छ र ऐ को १५ नं. ले दृष्टिबन्धकीको हकमा बढीमा ५ वर्षसम्मको भाखा राख्ने लेनदेन व्यवहारको महलको १५ नं. ले दृष्टिबन्धक जहिलेसुकै निखन्न नपाउने भनी आसामीलाई बन्देज लगाएको देखिएन । उक्त ऐनको दफा १४ ले छुट्टै शर्त भएकोमा बाहेक दृष्टिबन्धक जहिलेसुकै निखन्न आए पनि साहुले आफ्नो थैली बुझी लिई निखन्न दिनुपर्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ८४९७, निषेधाज्ञा, *छेदीलाल साहू वि. विजय साहू तेली समेत*

पुनरावेदकले आफूले खोक्सर प्रवाहा गा.वि.स. सँग ९९ वर्षसम्मका लागि भाडामा लिएको भन्ने दावी लिए पनि भाडामा लिएकै आधारमा दावीको जग्गामा निवेदकको हक सिर्जना हुन सक्ने होइन । खोक्सर प्रवाहा गा.वि.स.ले हाट बजार व्यवस्थित गर्नका लागि उक्त जग्गाको व्यवस्थापन गर्ने एवं सरकारको नाउँमा कायम रहेको जग्गा सुरक्षा गर्ने सम्मको कर्तव्य हुन्छ । सरकारी तथा सार्वजनिक जग्गा सुरक्षा गर्ने कर्तव्य सबैको हुने हुँदा यस्तो अवस्थामा भाडामा लिएको आधारमा निवेदकको तथा भोगचलन गरेकै आधारमा विपक्षीहरूको पनि उक्त जग्गामा हक पुग्छ भनी सम्झन नमिल्ने ।

इजलास अधिकृतः बिष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल जेठ १६ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४-CI–०९७६, लिखत दर्ता बदर, *रत्नकाजी ताम्राकार वि. पूर्णकाजी ताम्राकार समेत*

जग्गाधनी प्रमाणपूर्जाको स्रेस्तामा धनीको महलमा पूर्णकाजी ताम्राकार र पूर्णमुनी ताम्राकार दुबै जनाको संयुक्त नाम रहेको देखियो । सोही संयुक्त नाम दर्ताको जग्गा समेत लिलाम भएकोमा आफ्नो भागमा परेको बिगो अदालतमा जम्मा गरेकोले लिलाम भएको सो जग्गाको लिलामी बदर भएको हुदा वादी समेतको संयुक्त नाम दर्ता रहेको

जग्गामा वादीको हक छैन भन्न नमिल्ने भएकोले फिराद खारेज हुन नसक्ने भै पुनः निर्णयका लागि शुरूमा पठाउनु पर्ने ।
इजलास अधिकृतः अम्बिका निरौला
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

- यसै लगाउको २०६४ सालको फौ.पु.नं. ०७७८, जालसाजी, *यिनै वादी प्रतिवादी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ९६६४, नामसारी रोकी पाऊँ, *नागोदेवी वि. चन्द्रकलादेवी*

पक्षहरूका बीचमा तेरो मेरोको प्रश्न उपस्थित भई हक बेहकको प्रश्न उपस्थित भएमा त्यस्तो प्रश्नको निरूपण गर्ने अधिकार अदालत बाहेक अन्य निकायलाई भएको नदेखिएको अवस्थामा हक बेहकतर्फ यकीन गराई ल्याउनु भनी गरेको जनकपुर नगरपालिकाको निर्णयउपर पुनरावेदन नै लाग्न नसक्ने अवस्थामा कानूनविपरीत पुनरावेदनपत्रका आधारमा आदेशात्मक रूपमा भएको पुनरावेदन अदालतको फैसलामा स्पष्ट रूपमा अधिकार क्षेत्रात्मक त्रुटि रहे भएको यी वादी प्रतिवादीहरू बीच जग्गाको हक सम्बन्धमा तेरो मेरो विवाद देखिँदा सो सम्बन्धमा सम्बन्धित अदालतबाट यकीन रूपमा हक कायम गराई ल्याएका बखत कानूनबमोजिम हुने गरी धनुषा जिल्ला अदालतमा ३५ दिनभित्र नालेश गर्न जान दुबै पक्षलाई सुनाउनु भनी जनकपुर नगरपालिकाले सुनाई सकेको देखिएको र हाल सो अवधि व्यतीत भैसकेको भए तापनि पक्षहरू बीच उत्पन्न तेरो मेरो प्रश्नमा गैरकानूनी रूपमा पुनरावेदन परेकै कारणले प्राविधिक रूपमा जीवित रही रहेमा विवादको निरन्तरता कायम रही रहने हुँदा मुद्दाको अन्तिमता (Disposable of the Case) को सिद्धान्त समेतलाई दृष्टिगत गरी यो फैसला प्राप्त गरेको मितिबाट ३५ दिनभित्र शुरू धनुषा जिल्ला अदालतमा नालेस गर्न जाने हक प्रत्यर्थीको सुरक्षित नै रहने हुँदा जनकपुर नगरपालिकाले धनुषा जिल्ला अदालतबाट हक कायम गराई ल्याउनु भनी गरेको निर्णय सदर हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमीररत्न माहर्जन
इति संवत् २०६७ साल जेठ १६ गते रोज १ शुभम् ।ः

१४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** ०६३-CR–०४९९, ०५५०, लागू औषध, *नेपाल सरकार वि. रसिदा खातुन समेत*

प्रतिवादी रसिदा खातुन, अर्जुन लिम्बू र पारोस लिम्बूलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसूरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० वर्ष कैद सजाय र रू.७५,०००।- जरीवाना हुने तथा घर जफत नहुने ठहर गरेको शुरू सुनसरी जिल्ला अदालतको मिति २०६३।१।३१ को फैसला केही उल्टी गरी प्रतिवादी रसिदा खातुनको हकमा शुरू सदर र प्रतिवादी अर्जुन लिम्बू र पारोस लिम्बूको हकमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(६) को कसूरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद सजाय हुने ।
इजलास अधिकृतः दीपक ढकाल
इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६५-RC–००२७, ०७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि..ढकाल सिंह सुब्बा चेम्जोङ*

बञ्चरो एक घातक हतियार हो । त्यसको चाहे धारतिरबाट प्रहार गरोस् वा धार नभएको पासोतिरबाट, सोको मार घातक नै हुन्छ । यस्तो घातक जोखिमी हतियारले मानिसलाई प्रहार गर्दा मानिसको मृत्यु हुन सक्छ भन्ने कुरा प्रत्येक व्यक्तिले सहज रूपमा अनुमान गर्न सक्छ । ज्यान मार्ने मनसाय नभएको व्यक्तिले त्यसो गर्न सक्दैन । अति नै हिंस्रक बनी संवेदनशील अंग टाउको तथा घाँटीमा बञ्चरोले प्रहार गरी क्रूरतापूर्वक मारेको स्थितिमा निज प्रतिवादीमा मनसाय तत्वको

विद्यमानता थिएन भनी मान्न मिल्ने अवस्था नदेखिँदा आवेश प्रेरित हत्यामा सजाय गरिपाऊँ भन्ने प्रतिवादीको पुनरावेदन जिकीर मनासिव नदेखिने ।
इजलास अधिकृतः दीपक ढकाल
इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ९१२१, जग्गा खिचोला चलन, *चन्देश्वर प्रसाद साह वि. शान्तिदेवी श्रेष्ठ*

विवादित घर फिरादमा लेखिएको मितिभन्दा अघि २०५१ सालमै बनेको देखिएको, घर बनाउदाकै अवस्थामा वादीले उजूरबाजुर गर्न नसकेको, वादी सँधियार देखिएको, प्रतिवादीले वाणिज्य बैंकबाट ऋण लिँदा गरिएको सर्जमिन मुचुल्कामा सहीछाप गरेको चन्द्रेश्वर साहले जग्गामा विवाद देखाउन नसकेको, अदालतबाट भई आएको नक्साको आकृति, प्रकृति सबै नक्सासँग हुबहु मिले भिडेको नदेखिएको, विवादितभन्दा अन्य जग्गाहरू पनि वादी प्रतिवादीहरूको विवादित जग्गासँग जोडिएका अवस्थामा घटी बढी नापनक्सा हुन सक्ने देखिएको समेतका आधार प्रमाणबाट प्रतिवादीले वादीको जग्गा मिची घर समेत बनाएको नदेखिने ।
इजलास अधिकृतः नारायणप्रसाद दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६६ साल पुस २८ गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९०२७, पसलको सामान दिलाई पाऊँ, *ओमनारायण श्रेष्ठ वि. ईश्वरदास सयामी*

कस्तो अवस्थामा अ.वं. ८५ नं. को प्राङ्न्याय (Resjudlicata) को व्यवस्था लागू हुन्छ अथवा हुँदैन भन्ने विषयमा यस अदालतबाट सतिचन्द्र लाल विरूद्ध आनन्दप्रसाद भएको मुद्दामा अ.वं. ८५ मा व्यवस्थित प्रावधानअनुसार कुनै मुद्दाका पक्षहरू एउटै हुँदैमा मात्र प्रस्तुत व्यवस्था लागू हुन सक्दैन । उक्त व्यवस्था लागू हुनका लागि मुद्दाका पक्षहरूका साथै अघिल्लो मुद्दाका विवादका विषयवस्तु (Facts in Issue) तथा निर्क्यौल गरिनु पर्ने कुराहरू, पछिल्लो मुद्दाको विवादको विषयवस्तु र निर्क्यौल गरिनु पर्ने कुराहरू एउटै हुनु पर्दछ भनी बोलिएको हुँदा सोही कुराहरूमा अघिल्लो निर्णय केन्द्रित रही मुद्दाको एउटा पक्षले आफूले खोजे अनुसारको उपचार प्राप्त गरेको हुनु पर्ने हुदा अ.बं. ७३ र ८५ नं. को व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६६ साल पुस २८ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ३४६, मोही नामसारी, *रामआश्रेय सहनी मलाहा वि. पारस सहनी*

भूमिसुधार कार्यालयको स्रेस्तामा प्रत्यर्थी वादीका पिता भुल्ला सहनीको नाम अद्योपान्त कायम रहिरहेको देखिँदा भूमिसुधार कार्यालयबाट मोहीको लगत कट्टा गर्ने गरी गरिएको काम कारवाही विधिवत् रूपमा भएको मान्न सकिएन । मोही हक नै नामसारी भै नसकेका राजदेव सहनीको नाउँ कट्टा भै गएको आधारमा पिताको नाउँमा कायम रहिरहेको मोही हक निजको मृत्यु पछि निजको हक खाने छोरा राजदेव सहनीका नाउँमा नामसारी गर्न मिल्दैन भन्नु कानून तथा न्यायको रोहमा युक्तिसंगत मान्न नसकिने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६६ साल चैत १३ गते रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको दे.पु.नं. ३४५, मोही नामसारी *रामआश्रेय सहनी मलाहा वि. पारस सहनी* मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१९

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR–०५७१, बहुविवाह, *नेपाल सरकार वि. वीरसिंह बोहरा समेत*

अभियोग लगाउनु मात्र कसूर प्रमाणित हुने आधार हुन सक्दैन । कसूर प्रमाणित गर्ने दायित्व वादी पक्षमा निहीत रहेकोमा सो दायित्व पूरा गर्न सकेको नहुँदा केवल शंका र अनुमानको भरमा प्रतिवादीहरूलाई आरोपित कसूर गरेको भनी ठहऱ्याउन न्यायसंगत नहुने हुँदा प्रतिवादीहरू वीरसिंह बोहोरा ठगुन्नाले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः अम्बिका निरौला
इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

२०

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR–०४६९, अदालतको अपहेलना, *रामनारायणप्रसाद यादव वि. शंकर राउत अहिर समेत*

रिट नं. २३१ को निषेधाज्ञा मुद्दामा विपक्षी बनाइएका व्यक्तिहरूको नाममा म्याद तामेल नभएको र एकतर्फी फैसला भएको तथ्य पुनरावेदन अदालतको फैसला समेतबाट देखिन्छ । कुन अदालतबाट कुन मुद्दामा के कस्तो प्रकृतिको आदेश भएको छ ? सो आदेशबमोजिमको कार्य गर्न हुने हो वा होइन ? गरेमा त्यसको परिणाम के हुन्छ भन्ने आधिकारीक जानकारी सम्बन्धित पक्षहरूलाई प्राप्त नभइकन आदेश पालना नगरेको भनी निर्णय गरिन्छ भने त्यस्ता निर्णयहरू उचित सुनुवाई बिना प्राकृतिक न्यायको सिद्धान्त (Natural Law of Justice) विपरीत निर्णय हुन जान्छ । अदालतको अपहेलना हुनको लागि अदालतबाट जारी भएको आदेशको सम्बन्धित व्यक्तिलाई जानकारी भई सो को पालना नगरेको हुनु पर्ने ।

इजलास अधिकृतः अम्बिका निरौला
इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

२१

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०५६ सालको दे.पु.नं. ६४३५, अपुताली हक कायम, *नरेन्द्रप्रसाद दास वैष्णव वि. हनुमान शरण*

अपुतालीको महलको १८ नं. मा उल्लेख भएको "वारेश" भन्ने शब्दले भेषधारीको चेलो भन्ने बुझिने हुन्छ, किनकी भेषधारी भएका साधु सन्तहरूको कुनै जात वा थर नहुने हुँदा त्यस्ता भेषधारीको आफ्नै छोरो पनि निजको हकमा वारेश हुन नसक्ने कुरा प्रष्ट हुन्छ । तसर्थ भेषधारीको अपुताली चेलोमा जाने हुन्छ र प्रस्तुत मुद्दाका वादी भेषधारी रामकिशोरको चेलो भन्ने देखिँदैन । पछिबाट भनिएका चेलो हुँ, दीक्षा पनि लिएको हुँ, पगडी पनि पाएको छु भन्ने कुराले प्रमाणिक बल नराख्ने ।

बकसपत्र गरिदिने दाताले चलाई आएसरह आउने अतिथि अभ्यागतलाई सेवा सत्कार गरी भोग चलन गर्नु भनी दाताको शर्त रहेको देखिएको र बकसपत्र प्राप्त गर्ने रामकिशोरले विवादित सम्पत्ति सोही शर्तबमोजिम सञ्चालन गरिआएको कुरामा विवाद छैन । सोही शर्तअनुरूप विवादित सम्पत्ति प्रयोग हुने भई यस सम्पत्तिमा वादीको अपुताली हक कायम हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैबमोजिम फैसला भएका छन्:

- २०५६ सालको फौ.पु.न.२४५५, जालसाजी *नरेन्द्रप्रसाद दास वैष्णव वि. विनोदकुमार लाल कर्ण*
- २०५६ सालको दे.पु.नं. ६४३६,. निर्णय बदर दर्ता,. *नरेन्द्रप्रसाद दास वैष्णव वि. हनुमानशरण*

२२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR–०७१६, लागू औषध खैरो हेरोइन, *बुधे तामाङ वि. नेपाल सरकार*

कानूनको अनभिज्ञताको जिकीरलाई प्रतिवादीको प्रतिरक्षात्मक जिकीर मान्ने हो भने अपराध गर्ने प्रत्येकले यही जिकीरको सहारामा

अपराध गर्दै जाने प्रवृत्ति बढ्दै गई समाजमा अराजकताको स्थिति पैदा हुन जान्छ । कानून उल्लंघन गरेको कुरा प्रत्येक व्यक्तिलाई थाहा हुन्छ र हुनु पनि पर्दछ । त्यसकारण सजाय हुन्छ भन्ने जानकारी नभएको भन्ने प्रतिवादीको भनाई कानूनसम्मत नदेखिने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री तपबहादुर मगर,** २०६६ सालको रिट नं. ०१६८, उत्प्रेषण समेत, *ज्ञानु कुँवर वि. कान्छी महत समेत*

गा.वि.स.को सिफारिश आफैंमा कुनै निर्णय होइन एकातिर भने अर्कोतिर सो सिफारिशलाई बदर गर्ने स्पष्ट आधार रिट निवेदकले आफ्नो रिट निवेदनमा प्रस्तुत गर्न सकेको अवस्था पनि देखिँदैन। निवेदकले आफ्नो निवेदनमा दावी गरे जस्तो उक्त सिफारिशबाट निज निवेदकको मौलिक हकमा आघात पर्ने र परेको कुरा पनि पुष्ट्याई हुन सकेको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** ०६६ WO ११३६, उत्प्रेषण, परमादेश, *ताराबहादुर गुरूङ्ग वि.आङदावा शेर्पा समेत*

रिट निवेदकको स्थायी ठेगाना गोर्खा जिल्ला ताकुमाझ लाकुरी बोट गा.वि.स. वडा नं ६ मा जारी भई सो म्याद निजको घर दैलोमा निज आफैंले बुझी प्रतिउत्तर समेत फिराएको र पछि आफ्नो वतन परिवर्तन भएको भनी नयाँ ठेगानाको सम्बन्धमा अदालतलाई कुनै जानकारी नदिएको अवस्था रहेको देखियो । मुद्दा फैसला भई कार्यान्वयनको क्रममा रिट निवेदकको वतन मूलपानी भन्ने खुल्न आएको आधारमा विपक्षीको निवेदन मागअनुसार म्याद तामेल हुन आएको देखिन्छ । उपरोक्तबमोजिम तामेल भएको म्यादलाई बेरीत भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल जेठ १४ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** ०६६-WO–११३७, उत्प्रेषण, परमादेश, *प्रेमस्वरूप सचदेव समेत वि. माधवप्रसाद श्रेष्ठ समेत*

रिट निवेदकले मिति २०६६।३।२८ मा २०६६।३।१५ को श्रम अदालतको फैसलाको नक्कल लिएको मिसिलबाट देखिए पनि मिति २०६७।२।१२ मा प्रस्तुत रिट दर्ता भएको छ । रिट दर्ता गर्न विलम्ब किन हुन गयो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख भएको नपाइदा रिट खारेज हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल जेठ १४ गते रोज ६ शुभम्